# नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३


पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/३/०७८/७९ मिति: २०७८/०८/०७

**"घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल लघुवित्त बैंकर्स संघ

## नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| १. | कभर पेज | यस बैंकबाट इजाजतपत्र प्राप्त “घ” वर्गको लघुवित्त वित्तीय संस्था । | **यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था ।** |
| २. | निर्देशन नं. १ बुँदा नं.३(ग) मा संशोधन | प्राथमिक पुँजी गणना गर्दा देहायका शीर्षकहरुमा रहेको रकम घटाउनु पर्नेछ :-<br>(ग) यस बैंकले **तोकेको सीमाभन्दा बढी हुने** गरी संगठित संस्थाको शेयर तथा सुरक्षणपत्रहरुमा लगानी गरेको रकम, | प्राथमिक पुँजी गणना गर्दा देहायका शीर्षकहरुमा रहेको रकम घटाउनु पर्नेछ :-<br>(ग) यस बैंकको **निर्देशन विपरीत हुने** गरी संगठित संस्थाको शेयर तथा सुरक्षणपत्रमा गरेको लगानी रकम, |
| ३. | निर्देशन नं. १ बुँदा नं. ४ (क) मा संशोधन | प्राथमिक पुँजीभन्दा बढी समावेश गर्न नपाइने गरी पुरक पुँजीमा निम्न शीर्षकहरु अन्तर्गत रहेका रकमहरु समावेश गर्नु पर्नेछ :-<br>(क) सामान्य कर्जा नोक्सानी व्यवस्था<br>यस शीर्षक अन्तर्गत सक्रिय कर्जाको निमित्त व्यवस्था गरिएको रकम समावेश गर्नु पर्नेछ। सक्रिय कर्जासहित अन्य कर्जाका लागि यस बैंकबाट तोकिएको **अनुपात**भन्दा बढी कर्जा नोक्सानी व्यवस्था गरेको खण्डमा त्यस्तो अतिरिक्त कर्जा नोक्सानी व्यवस्था गरेको पुरै रकम समावेश गर्न सकिने छ । तर, उपर्युक्त शीर्षकहरुमा रहेको कुल रकम संस्थाको कुल जोखिम भारित सम्पत्तिको **१.२५** प्रतिशत भन्दा बढी हुने गरी पुरक पुँजीमा समावेश गर्न पाइने छैन । | प्राथमिक पुँजीभन्दा बढी समावेश गर्न नपाइने गरी पूरक पुँजीमा निम्न शीर्षकहरु अन्तर्गत रहेका रकमहरु समावेश गर्नु पर्नेछ :-<br>(क) सामान्य कर्जा नोक्सानी व्यवस्था<br>यस शीर्षक अन्तर्गत सक्रिय कर्जाको निमित्त गरिएको **कर्जा नोक्सानी व्यवस्थाको** रकम समावेश गर्नु पर्नेछ। सक्रिय कर्जा सहित अन्य कर्जाका लागि यस बैंकबाट तोकिएको **न्यूनतम प्रतिशत**भन्दा बढी कर्जा नोक्सानी व्यवस्था कायम गरेको खण्डमा त्यस्तो अतिरिक्त कर्जा नोक्सानी व्यवस्था वापतको पुरै रकम समावेश गर्न सकिने छ । तर, उपर्युक्त शीर्षकहरुमा रहेको कुल रकम संस्थाको कुल जोखिम भारित सम्पत्तिको **१.६५** प्रतिशत भन्दा बढी हुने गरी पूरक पुँजीमा समावेश गर्न पाइने छैन । |
| ४. | निर्देशन नं. १ बुँदा नं. ४ (घ) मा संशोधन | ५ वर्षभन्दा बढी भुक्तानी अवधि भएको, निक्षेपकर्ताहरुभन्दा पछाडि मात्र भुक्तानी पाउने गरी कुनै पनि सुरक्षण नराखी जारी गरेका ऋणपत्रहरु र सीमित भुक्तानी अवधि भएका फिर्ता हुन सक्ने अग्राधिकार शेयरहरु यस अन्तर्गत समावेश हुनेछन् । ... | ५ वर्षभन्दा बढी भुक्तानी अवधि भएको, निक्षेपकर्ता र **अन्य साहू (Other Creditors)** भन्दा पछाडि मात्र भुक्तानी पाउने गरी कुनै पनि सुरक्षण नराखी जारी गरेका ऋणपत्र र सीमित भुक्तानी अवधि भएका फिर्ता हुन सक्ने अग्राधिकार शेयर यस अन्तर्गत समावेश हुनेछन् । .... |
| ५. | निर्देशन नं. १ बुँदा नं.७ थप गरी क्रमसंख्या मिलान | थप गरिएको | **NFRSs बमोजिम वित्तीय विवरण सार्वजनिक गर्नुपर्ने इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुले प्रकाशन गर्ने पुँजीकोष तालिकासमेत सोहि बमोजिम प्रकाशन गर्नुपर्नेछ ।** |
| ६. | निर्देशन नं. १ बुँदा नं.८ थप गरी क्रमसंख्या मिलान | थप गरिएको | **कर्मचारी दक्षता अभिवृद्धि कोष, ग्राहक संरक्षण कोष, संस्थागत सामाजिक उत्तरदायित्व कोष, नियमनकारी कोष तथा Other Comprehensive Income (OCI) बाट सिर्जित Fair Value Reserve र Actuarial gain जस्ता जगेडा पुँजीकोषमा समावेश गर्न पाइने छैन ।** |

**नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा**

| **क्र.सं.** | **निर्देशन नं.** | **एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था** | **एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था** |
|---|---|---|---|
| ७. | निर्देशन नं. १ बुँदा नं. ९ (ग) मा संशोधन | लघुवित्त वित्तीय संस्थाहरुले कुनै आर्थिक वर्षको अन्त्यमा बाह्य लेखापरीक्षकबाट प्रमाणित वित्तिय विवरणबाट तोकिएको अनुपातमा न्यूनतम पुँजी कोष कायम भए तापनि सो आर्थिक वर्ष समाप्त भएको मितिदेखि वार्षिक साधारण सभाको स्वीकृति लिने मितिसम्म फुकुवा नभएको अवस्थामा लाभांश तथा बोनस सेयर घोषणा/वितरण गर्न पाइने छैन । | **आर्थिक वर्ष समाप्त भएको मितिदेखि वार्षिक साधारण सभाको स्वीकृति लिने मितिसम्मको अवधिमा शीघ्र सुधारात्मक कारवाही फुकुवा नभएको अवस्थामा लघुवित्त वित्तीय संस्थाहरुले नगद लाभांश तथा बोनस सेयर घोषणा/वितरण गर्न पाइने छैन ।** |
| ८. | निर्देशन नं. १ बुँदा नं १० को ३(ख) मा संशोधन | राष्ट्रिय स्तरमा स्तरोन्नती हुन नसकेको र एक भन्दा बढी प्रदेशमा शाखा कार्यालय खोली कारोबार सञ्चालन गरिरहेको संस्थाले २०७८ असार मसान्तभित्र कार्यक्षेत्र बाहेकको प्रदेशमा शाखा बिक्री बन्द वा स्थानान्तरण गरी सम्पूर्ण कार्यक्षेत्र एउटै प्रदेशभित्र सीमित गरिसक्नु पर्नेछ । | राष्ट्रिय स्तरमा स्तरोन्नति हुन नसकेको र एक भन्दा बढी प्रदेशमा शाखा कार्यालय खोली कारोबार सञ्चालन गरिरहेको संस्थाले **२०७९** असार मसान्तभित्र कार्यक्षेत्र बाहेकको प्रदेशमा शाखा बिक्री बन्द वा स्थानान्तरण गरी सम्पूर्ण कार्यक्षेत्र एउटै प्रदेशभित्र सीमित गरिसक्नु पर्नेछ । |
| ९. | निर्देशन फा.नं. घ १.१ मा संशोधन | (ख) पुरक पुँजी<br>१) **असल** कर्जाको लागि गरेको कर्जा नोक्सानी व्यवस्था | (ख) पूरक पुँजी<br>१) **सक्रिय** कर्जाको लागि गरेको कर्जा नोक्सानी व्यवस्था |
| १०. | निर्देशन फा.नं. घ १.२ मा संशोधन | निर्देशन फा.नं. घ १.२ मा कुल जोखिम भारित सम्पत्ति गणनामा संचालन जोखिम समेत समावेश गरिएको । | |
| ११. | निर्देशन नं. २ बुँदा १ (इ) हटाइएको | संस्थाहरुले २०७६ पुस मसान्तमा असल वर्गमा वर्गीकरण गरेका र २०७६ पुस मसान्तपश्चात प्रवाह भएका कर्जालाई २०७७ असार मसान्तमा असल वर्गमा वर्गीकरण गर्न सक्नेछन् । | हटाइएको |
| १२. | निर्देशन नं. २ बुँदा २ (अ) हटाइएको | यस निर्देशनको बुँदा नं.२.१ को उपबुँदा (आ) बमोजिम असल वर्गमा वर्गीकरण भएका तर २०७७ असार मसान्तसम्ममा भुक्तानी गर्नुपर्ने साँवा र ब्याज रकम असूल हुन नसकेको अवस्थामा भाखा नाघेको अवधिको आधारमा तल्लो वर्गमा वर्गीकरण गर्नु पर्ने कर्जाहरुको लागि ५ प्रतिशत र किस्ताको ब्याज असूल भई साँवा रकम मात्र बक्यौता रहेका कर्जाको लागि २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ । | हटाइएको |

**नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा**

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| १३. | निर्देशन नं. २ बुँदा २ (आ) हटाइएको | २०७६ पौष मसान्तमा असल बाहेक अन्य वर्गमा वर्गीकरण गरिएका कर्जालाई २०७७ असार मसान्तमा भाखा नाघेका अवधिको आधारमा कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ। | हटाइएको |
| १४. | निर्देशन नं. २ बुँदा २ (इ) हटाइएको | असल वर्गमा परेका तर ५ प्रतिशत वा २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गरिएका कर्जाको विवरण अलग्गै तयार गरी यस बैंकमा पेश गर्नुपर्नेछ। | हटाइएको |
| १५. | निर्देशन नं. २ बुँदा २ (ई) लाई (अ) गरी क्रमसंख्या मिलान | निक्षेप तथा कर्जा सुरक्षण कोषमा सुरक्षण गरिएको कर्जाको हकमा यस बुँदामा उल्लेख गरिएको व्यवस्थाको २५ प्रतिशतले हुने रकम मात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ। | निक्षेप तथा कर्जा सुरक्षण कोषमा सुरक्षण गरिएको कर्जा र **लघुवित्त वित्तीय संस्थाले दावी भुक्तानी पाउने गरी बीमा गरिएको कृषिबाली तथा पशुपंक्षी कर्जाको** हकमा यस बुँदामा उल्लेख गरिएको व्यवस्थाको न्यूनतम २५ प्रतिशतले हुने रकम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ। |
| १६. | निर्देशन नं. २ बुँदा ९ हटाइ क्रमसंख्या मिलान गर्ने | **भुक्तानी अवधि थप (Time extention) गर्ने सम्बन्धमाः**<br>**(क) कोभिड-१९ को प्रभावको कारणले २०७७ असार मसान्तसम्म असुल हुन नसकेको किस्ताको साँवा र ब्याज रकमलाई ऋणीले सञ्चालन गरेको लघु उद्यम, पेशा, व्यवसायमा परेको प्रभाव, सुचारु हुन लाग्ने समय, ऋणीको आवश्यकता आदिको मुल्याङ्कन गरी २०७७ असोज मसान्तभित्र एक पटकको लागि बढीमा ६ महिनासम्म भुक्तानी अवधि थप गर्न सकिने छ।**<br>**(ख) यसरी भुक्तानी अवधि थप गरिएको किस्ताको साँवा र ब्याज रकम २०७७ चैत्र मसान्तभित्र समान किस्तामा असुल उपर गर्ने व्यवस्था गर्नु पर्नेछ।**<br>**(ग) यस्तो किस्ता रकम नियमितरुपमा भुक्तानी गर्ने ऋणीबाट कुनै प्रकारको पेनाल ब्याज/शुल्क/हर्जाना/ब्याजको ब्याज (Interest on interest) लिन पाईने छैन।** | हटाइएको |
| १७. | निर्देशन नं. २ बुँदा नं. १४ थप गरी क्रमसंख्या मिलान गर्ने | थप गरिएको | **कर्जा असुली सम्बन्धी कारवाही सम्बन्धमा :**<br>**एक वर्षभन्दा बढी अवधिको लागि प्रवाह भएको कर्जा असुलीको लागि सार्वजनिक सूचना तथा धितो लिलामीको कारवाही सुरु गर्नु अघि कर्जाले भाखा नाघेको कम्तीमा ६ महिना व्यतीत भई कम्तीमा शंकास्पद वर्गमा वर्गीकरण भएको हुनु पर्नेछ।** |

**नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा**

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| १८. | निर्देशन नं. ३ बुँदा २ (क) मा संशोधन | विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामुहिक जमानीमा लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रति समूह सदस्य बढीमा **तीन** लाख रुपैया सम्म लघुकर्जा उपलब्ध गराउन सकिने छ । विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा **पाँच** लाख रुपैया सीमा कायम गरिएको छ । | विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामुहिक जमानीमा लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रति समूह सदस्य बढीमा रु.**५** लाखसम्म लघुकर्जा उपलब्ध गराउन सकिने छ। विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा रु.**७** लाख सीमा कायम गरिएको छ । |
| १९. | निर्देशन नं. ३ बुँदा २ (ख) मा संशोधन | नवीकरणीय ऊर्जा प्रविधि अन्तर्गत Solar Home Systems र/वा Bio-gas प्रयोजनको लागि प्रति परिवार बढीमा रु.**दुई** लाख सम्मको लघुकर्जा उपलब्ध गराउन सकिने छ। | नवीकरणीय ऊर्जा प्रविधि अन्तर्गत Solar Home Systems र/वा Bio-gas प्रयोजनको लागि प्रति परिवार बढीमा रु.**३** लाख सम्मको लघुकर्जा उपलब्ध गराउन सकिने छ। |
| २०. | निर्देशन नं. ३ बुँदा ४ मा संशोधन | अधिकेन्द्रित जोखिम **(Concentration Risk)** न्यूनीकरण गर्ने व्यवस्था : यस **बुँदा**मा उल्लेख गरिएको सीमा भन्दा बढी कर्जा प्रदान गरेमा त्यसबाट उत्पन्न हुने अधिकेन्द्रित जोखिम खाम्नको लागि सीमाभन्दा बढी प्रदान गरिएको कर्जा रकममा शत् प्रतिशत कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्नु पर्नेछ । | अधिकेन्द्रित जोखिम **(Concentration Risk)** न्यूनीकरण गर्ने व्यवस्था : यस **निर्देशनमा** उल्लेख गरिएको सीमा भन्दा बढी कर्जा प्रदान गरेमा त्यसबाट उत्पन्न हुने अधिकेन्द्रित जोखिम खाम्नको लागि सीमाभन्दा बढी प्रदान गरिएको कर्जा रकममा शत् प्रतिशत कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्नु पर्नेछ । |
| २१. | निर्देशन नं. ४ बुँदा नं १ (ख) मा संशोधन | नेपाल राष्ट्र बैंकले तोकेको ढाँचालाई वैधानिक ढाँचा (Statutory Form) को रुपमा लिनु पर्ने:<br>लघुवित्त वित्तीय संस्थाहरुले **आफ्नो वासलात र नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण र अन्य अनुसूची तथा विवरणहरु यस बैंकले तोकिदिएको ढाँचा र तरिका अनुसार** तयार गर्नु पर्नेछ। यस प्रकार तयार गरिएको विवरण सालतमाम भएको ४ (चार) महिनाभित्र लेखापरीक्षण सम्पन्न गराउनु पर्नेछ । | यस बैंकले तोकेको ढाँचालाई वैधानिक ढाँचा (Statutory Form) को रुपमा लिनु पर्ने:<br>लघुवित्त वित्तीय संस्थाहरुले **यस बैंकले तोकिदिएको ढाँचा र विधि अनुसार वित्तीय विवरण** तयार गर्नु पर्नेछ । |
| २२. | निर्देशन नं. ४ बुँदा नं १ (ग) मा संशोधन | **प्रचलित लेखा मापदण्डको अनुशरण गर्नु पर्ने:**<br>यस बैंकको निर्देशनमा तोकिएको अवस्थामा बाहेक वित्तीय विवरणहरु नेपाल लेखा मापदण्ड (NAS)अनुसार तयार गर्नु पर्नेछ । नेपाल लेखा मापदण्डले समावेश नगरेका क्षेत्रहरुमा अन्तर्राष्ट्रिय लेखा मापदण्ड **(IAS/IFRS)** लाई आधारको रुपमा लिनु पर्नेछ । थोक कर्जा कारोवार गर्ने र सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुले **२०७८ असार मसान्तको वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार समेत समानान्तररुपमा तयार गर्नु पर्नेछ ।** | **प्रचलित लेखा मापदण्डको अनुशरण गर्नु पर्ने:**<br>यस बैंकको निर्देशनमा तोकिएको अवस्थामा बाहेक वित्तीय विवरणहरु नेपाल लेखा मापदण्ड (NAS) अनुसार तयार गर्नु पर्नेछ । नेपाल लेखा मापदण्डले समावेश नगरेका क्षेत्रहरुमा अन्तर्राष्ट्रिय लेखा मापदण्ड **(IAS/IFRSs)** लाई आधारको रुपमा लिनु पर्नेछ । थोक कर्जा कारोवार गर्ने र सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुले **आर्थिक वर्ष २०७८/२०७९ र सो पश्चातका वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) अनुसार तयार गर्नु पर्नेछ ।** |

## नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | साथै, राष्ट्रियस्तरका लघुवित्त वित्तीय संस्थाहरुले २०७९ असार मसान्तको वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार समेत समानान्तररुपमा तयार गर्नु पर्नेछ। | साथै, राष्ट्रियस्तरका लघुवित्त वित्तीय संस्थाहरुले २०७९ असार मसान्तको वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) अनुसार समेत समानान्तररुपमा तयार गर्नु पर्नेछ। |
| २३. | निर्देशन नं. ४ बुँदा नं १ (घ) मा संशोधन | **वित्तीय विवरणहरु प्रकाशन गर्नु पर्ने**<br>कानुनी व्यवस्था र तोकिएको अवधिभित्र लेखापरीक्षण सम्पन्न भइसकेपछि संलग्न निर्देशन फा.नं.घ ४.१ बमोजिमको वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरणका साथै यी वित्तीय विवरणहरुसँग सम्बन्धित सबै अनुसूची तथा विवरणहरु वार्षिक प्रतिवेदन पुस्तिकामा प्रकाशित गर्नु पर्नेछ। साथै, सर्वसाधारणको जानकारीको लागि वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण र यस निर्देशनको पुँजीकोष तालिका (अनुसूची नं.४.२४/४.२४ (क)) र प्रमुख सूचकाङ्क (अनुसूची नं. ४.२५) अनुसारको विवरण **राष्ट्रियस्तरका संस्थाको हकमा राष्ट्रियस्तर र क्षेत्रीयस्तरका संस्थाको हकमा क्षेत्रीय वा जिल्लास्तरका** पत्रिकामा आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र अनिवार्यरुपमा प्रकाशित गर्नु पर्नेछ । साथै, सम्पूर्ण वार्षिक प्रतिवेदनलाई आफ्नो वेवसाइटमा अद्यावधिक गर्नु पर्नेछ। | **वित्तीय विवरणहरु प्रकाशन गर्नु पर्ने**<br>**कानुनी व्यवस्था र तोकिएको अवधिभित्र लेखापरीक्षण सम्पन्न भइसकेपछि लघुवित्त वित्तीय संस्थाले देहायबमोजिम वित्तीय विवरण प्रकाशन गर्नुपर्नेछ।**<br>**१) NFRSs लागु भएका संस्थाले संलग्न फा.नं घ ४.१ (NFRSs) बमोजिमको वित्तीय विवरण र यी वित्तीय विवरणहरुसँग सम्बन्धित सबै अनुसूची तथा विवरणहरु वार्षिक प्रतिवेदन पुस्तिकामा प्रकाशित गरी आफ्नो वेवसाइटमा अद्यावधिक गर्नु पर्नेछ।**<br>**साथै, सर्वसाधारणको जानकारीको लागि वित्तीय अवस्थाको विवरण, नाफा वा नोक्सानको विवरण, विस्तृत आयको विवरण (Statement of Comprehensive Income), नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तनको विवरण र निर्देशन नं १ बमोजिमको पुँजीकोष तालिका (निर्देशन फा.नं घ १.१ र निर्देशन फा.नं घ १.२) राष्ट्रियस्तरको पत्रिकामा आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र अनिवार्यरुपमा प्रकाशित गर्नुपर्नेछ।**<br>**२) NFRSs लागु नभएका लघुवित्त वित्तीय संस्थाले संलग्न निर्देशन फा.नं.घ ४.१ बमोजिमको वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरणका साथै यी वित्तीय विवरणहरुसँग सम्बन्धित सबै अनुसूची तथा विवरणहरु वार्षिक प्रतिवेदन पुस्तिकामा प्रकाशित गरी आफ्नो वेवसाइटमा समेत अद्यावधिक गर्नु पर्नेछ।** |

**नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा**

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | | **साथै, वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण , यस निर्देशनको पुँजीकोष तालिका (अनुसूची नं.४.२४/४.२४ (क) र प्रमुख सूचकाङ्क (अनुसूची नं. ४.२५) अनुसारको विवरण सर्वसाधारणको जानकारीको लागि राष्ट्रियस्तरको पत्रिकामा आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र अनिवार्यरुपमा प्रकाशित गर्नुपर्नेछ ।** |
| २४. | निर्देशन नं. ४ बुँदा नं १ (घ) को खण्ड (१) मा संशोधन | सम्पूर्ण शाखाहरुको समेत कारोबार समावेश गरी वास्तविक एकीकृत वित्तीय विवरण लगायत प्रमुख वित्तीय परिसूचकहरु (Major Financial Indicators) को विवरण हरेक त्रयमासको महिना व्यतीत भएको मितिले ३५ दिनभित्र राष्ट्रियस्तरका संस्थाको हकमा राष्ट्रियस्तर र क्षेत्रीयस्तरका संस्थाको हकमा क्षेत्रीय वा जिल्लास्तरका दैनिक पत्रिकामा अनिवार्य रुपमा प्रकाशित गरी सोको एक प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र लघुवित्त सुपरिवेक्षण विभागलाई समेत उपलब्ध गराउनु पर्नेछ । (संलग्न ने.रा.बैंक निर्देशन फा.नं.घ ४.२) | सम्पूर्ण शाखाहरुको समेत कारोबार समावेश गरी वास्तविक एकीकृत वित्तीय विवरण लगायत प्रमुख वित्तीय परिसूचकहरु (Major Financial Indicators) को विवरण हरेक त्रयमासको महिना व्यतीत भएको मितिले ३५ दिनभित्र **यस बैंकले तोकिदिएको ढाँचामा राष्ट्रियस्तरको** दैनिक पत्रिकामा अनिवार्य रुपमा प्रकाशित गर्नुपर्नेछ र सोको एक प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र लघुवित्त संस्था सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । **साथै, अन्तरिम वित्तीय प्रतिवेदनको विस्तृत विवरण यस बैंकले तोकिदिएको ढाँचामा आफ्नो वेबसाइटमा अद्यावधिक गर्नुपर्नेछ ।** |
| २५. | निर्देशन नं. ४ बुँदा नं १ (घ) को खण्ड (४) मा संशोधन | (४) वित्तीय विवरण प्रकाशित गर्दा उक्त अवधिको कर्मचारी बोनस, आयकर व्यवस्था लगायतका सम्पूर्ण खर्चहरुलाई समावेश गरेर मात्र प्रकाशित गर्नु पर्नेछ | (४) **अन्तरिम** वित्तीय प्रतिवेदन प्रकाशित गर्दा उक्त अवधिको कर्मचारी बोनस, कर्मचारीसँग सम्बन्धित खर्चहरु तथा आयकर लगायतका सम्पूर्ण खर्चहरु एवम् नियमनकारी समायोजन समेतलाई समावेश गरेर मात्र प्रकाशित गर्नु पर्नेछ । **साथै, संस्थाले प्रतिशेयर आम्दानी (Earning Per Share) Annualized गरी प्रकाशन गर्नुपर्नेछ ।** |
| २६. | निर्देशन नं. ४ बुँदा नं.१ मा उपबुँदा (झ) थप गरी क्रमसंख्या मिलान गर्ने । | थप गरिएको | **Statement of other Comprehensive Income मा लेखांकन भएको आयलाई वितरण गर्दा वितरण हुने रकमको २० प्रतिशत रकम General Reserve मा जम्मा गरी बाँकी ८० प्रतिशत रकम मात्र वितरण गर्नुपर्नेछ ।** |

## नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| २७. | निर्देशन नं. ४ बुँदा नं २ को उपबुँदा (ख) को खण्ड (७) मा संशोधन | **आम्दानी/खर्च लेखाङ्कन गर्ने नीति**<br>संस्थाले कुनै पनि आय/खर्चलाई सामान्यतया प्रोदभावी आधार (Accrual Basis) मा आय/खर्च जनाउनुपर्नेछ । तर कर्जा/सापटको ब्याज आम्दानी जनाउने सम्बन्धमा नगद प्राप्तीको आधारमा मात्र जनाउने व्यवस्था गर्नु पर्नेछ । यसरी लघुवित्त वित्तीय संस्थाले आम्दानी/खर्च जनाउने सम्बन्धमा लिएको नीतिलाई आफ्नो लेखा नीतिमा स्पष्ट खुलाउनु पर्नेछ । | **आम्दानी/खर्च लेखाङ्कन गर्ने नीति**<br>संस्थाले कुनै पनि आय/खर्चलाई सामान्यतया प्रोदभावी आधार (Accrual Basis) मा आय/खर्च जनाउनुपर्नेछ । **तर, नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) लागू भइनसकेका लघुवित्त वित्तीय संस्थाले नगद प्राप्तिको आधारमा कर्जा/सापटको ब्याज आम्दानी जनाउने व्यवस्था गर्नुपर्नेछ** । यसरी लघुवित्त वित्तीय संस्थाले आम्दानी/खर्च जनाउने सम्बन्धमा लिएको नीतिलाई आफ्नो लेखा नीतिमा स्पष्ट खुलाउनु पर्नेछ । |
| २८. | निर्देशन नं. ४ बुँदा नं ३ थप गरी क्रमसंख्या मिलान गर्ने | **थप गरिएको** | **नियमनकारी समायोजनः**<br>**NFRSs बमोजिम वित्तीय विवरण तयार गर्ने इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले अवलम्बन गरेको लेखानीति बमोजिम कायम हुने खुद मुनाफाबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा यस बैंकको निर्देशन बमोजिमको बैधानिक तथा अन्य कोषहरुमा रकम बाँडफाँट गरी बाँकी रहेको मुनाफाबाट देहाय बमोजिमको नियमनकारी समायोजन गरी कायम भएको रकमबाट लाभांश वितरण गर्न सक्नेछन् :**<br>**(क) लघुवित्त वित्तीय संस्थाले पहिलो NFRSs Compliant वित्तीय विवरण तयार गर्दा Opening Statement of Financial Position तथा गत वर्षको वित्तीय विवरणमा NFRSs बमोजिम विभिन्न शीर्षकहरुमा समायोजन गरी सञ्चित मुनाफामा रकम जम्मा गरेकोमा सो बराबरको रकमलाई Statement of Changes in Equity मार्फत सञ्चित मुनाफा (Retained Earning) खाता खर्च गरी नियमनकारी कोष (Regulatory Reserve) मा जम्मा गर्नु पर्नेछ ।**<br>**(ख) पहिलो NFRSs Compliant वित्तीय विवरण तथा त्यस पश्चातका वर्षहरुको वित्तीय विवरणहरुमा देहाय बमोजिमको नियमनकारी समायोजन गरी नियमनकारी कोष (Regulatory Reserve) मा रकम जम्मा/खर्च गर्नु पर्नेछ ।** |

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | | (अ) लेखानीति बमोजिम लेखाङ्कन गरिएको कर्जाको ब्याज आम्दानीमध्ये प्राप्त हुन बाँकी ब्याज आम्दानी बराबरको रकममा प्रचलित नियमानुसारको आयकर तथा कर्मचारी बोनस कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ। उक्त ब्याज रकम प्राप्त हुन आएमा नियमनकारी कोषबाट सञ्चित मुनाफा (Retained Earning) मा फिर्ता गर्न सकिनेछ।<br><br>(आ) हरेक कर्जामा आफ्नो लेखानीति बमोजिम लेखाङ्कन गर्ने हानी नोक्सानी (Impairment Loss) तथा यस बैंकको निर्देशन नं. २ बमोजिम कायम हुने कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) को विस्तृत विवरण प्रत्येक त्रयमासमा तयार गर्नु पर्नेछ। NFRSs बमोजिम लेखाङ्कन हुने कर्जा हानी नोक्सानीको रकम निर्देशन नं. २ बमोजिम कायम हुने कर्जा नोक्सानी व्यवस्था रकम भन्दा कम भएमा कम भएजति रकम वार्षिक रुपमा सञ्चित मुनाफा (Retained Earning) खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ। NFRSs बमोजिम लेखाङ्कन हुने कर्जा हानी नोक्सानीको रकम बढ्दै गएमा सो बढेजति रकम नियमनकारी कोषबाट सञ्चित मुनाफामा फिर्ता गर्न सकिनेछ।<br><br>(इ) नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) बमोजिम Fair value through profit or loss मा लेखाङ्कन गरेको लगानीका साथै अन्य कुनै सम्पत्तिहरुमा Fair value gain (unrealized gain) भएमा उक्त नाफा रकमलाई सञ्चित मुनाफा (Retained Earning) खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ। नियमनकारी कोषमा जम्मा भएको रकम NFRSs बमोजिम सम्बन्धित सम्पत्तिको Fair value gain घटेको वा Fair value loss भएको अवस्थामा सो |

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | | रकमलाई वार्षिक रुपमा नियमनकारी कोषबाट सञ्चित मुनाफामा फिर्ता गर्न सकिनेछ ।<br><br>(ई) आफ्नो लेखानीति बमोजिम लेखाङ्कन गरिएको गैर बैकिङ्ग सम्पत्तिको कुल रकम गैर बैकिङ्ग सम्पत्ति सकार गर्दाको वर्षमा सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । यस्तो रकम गैर बैकिङ्ग सम्पत्ति बिक्री भएको वर्षमा वा स्वप्रयोजनका लागि प्रयोग गरेको वर्षमा नियमनकारी कोषबाट सञ्चित मुनाफा खातामा फिर्ता गर्न सकिनेछ ।<br><br>(उ) वित्तीय अवस्थाको विवरणमा रहेको स्थगन कर सम्पत्ति बराबरको रकम सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । स्थगन करको पुनःगणना गर्दा स्थगन कर सम्पत्तिको मूल्य (Carrying Amount) मा कमी आएको वर्षमा कमी आएको बराबरको रकम नियमनकारी कोषबाट सञ्चित मुनाफा खातामा फिर्ता गर्न सकिनेछ ।<br><br>(ऊ) आफ्नो लेखानीति बमोजिम Goodwill लेखाङ्कन गर्दा लेखाङ्कन गर्दाको वर्षमा Goodwill को किताबी मूल्य (Carrying Amount) बराबरको रकम सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । साथै, Goodwill को हानी नोक्सानी (Impairment Loss) नाफा नोक्सान हिसावमा खर्च लेखाङ्कन गरी Goodwill को किताबी मूल्य (Carrying Amount) घटेको अवस्थामा हानी नोक्सानी बराबरको रकम नियमनकारी कोषबाट सञ्चित मुनाफा खातामा फिर्ता गर्न सकिनेछ ।<br>(ऋ) आफ्नो लेखानीति बमोजिम Merger/acquisition बाट सिर्जित Bargain Purchase Gain को लेखाङ्कन गरेमा लेखाङ्कन |

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | | गर्दाको वर्षमा सोको किताबी मूल्य (**Carrying Amount**) बराबरको रकम सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ र सो रकम **Bonus Share** जारी गर्ने प्रयोजनका लागि मात्र प्रयोग गर्न सकिने छ। साथै, **Bargain Purchase Gain** को रकमबाट **Bonus Share** स्वीकृतिका लागि सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्दा सोको विस्तृत विवरण सहित पेश गर्नु पर्नेछ। यस बैंकबाट स्वीकृति प्रदान भएको अवस्थामा **Bonus Share** जारी गरेको रकमसम्म नियमनकारी कोषबाट सञ्चित मुनाफा खातामा फिर्ता गर्न सकिनेछ।<br><br>(ए) आफ्नो लेखानीति बमोजिम कर्मचारी खर्चको लेखाङ्कन गर्दा बीमांकिक मूल्याङ्कन (**Actuary Valuation**) बमोजिम सिर्जना भएको **Actuarial Loss** लाई **Other Comprehensive Income** मा लेखाङ्कन भएको अवस्थामा सो बराबरको रकम सञ्चित मुनाफा खाता खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ। **Actuarial Loss** कम भएमा कम भएजति रकम नियमनकारी कोषबाट सञ्चित मुनाफा खातामा फिर्ता गर्न सकिनेछ।<br><br>(ऐ) लेखानीति बमोजिम कुनै खर्च रकम नाफा नोक्सान हिसाबमा लेखाङ्कन नभई **Other Comprehensive Income** मार्फत वा सोझै इक्विटीमा लेखाङ्कन भई इक्विटी हिसाव अन्तर्गतको सम्बन्धित शीर्षक ऋणात्मक भएमा सो बराबरको रकम सञ्चित मुनाफा खाता खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ। कुनै आर्थिक वर्षमा सोही शीर्षकमा आम्दानी लेखाङ्कन भएको अवस्थामा सो आम्दानी बराबरको रकम ( नियमनकारी कोषमा जम्मा भएको रकम भन्दा बढी नहुने |

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | | **गरी) नियमनकारी कोषमा खर्च गरी सञ्चित मुनाफा खातामा जम्मा गर्न सकिनेछ।**<br><br>**(ओ) माथी उल्लेखित व्यवस्थाको अलावा सम्बन्धित सुपरिवेक्षण विभागले निर्देशन दिए बमोजिमको रकम नियमनकारी कोषमा समायोजन गर्नु पर्नेछ।**<br><br>**(औ) सञ्चित मुनाफा खर्च गरी नियमनकारी कोषमा जम्मा भएको रकम नियमनकारी कोषबाट पुनः सञ्चित मुनाफामा फिर्ता हुने अवस्था भएमा नियमनकारी कोषबाट फिर्ता हुने रकम सो कोषमा जम्मा भएको रकम भन्दा बढी हुने छैन।**<br><br>**(ग) नियमनकारी कोषमा जम्मा भएको रकम यस बुँदामा उल्लेखित व्यवस्था एवम् यस बैंकले दिएको स्वीकृति बाहेकका अवस्थामा खर्च गर्न पाइने छैन।**<br><br>**(घ) नियमनकारी कोषमा जम्मा भएको तथा खर्च भएको रकम सहित कोषमा भएको परिवर्तनको विवरण आफ्नो वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा उल्लेख (Disclose) गर्नु पर्नेछ।** |
| २९. | अनुसुची घ ४.२४ (क) मा संशोधन | अनुसुची घ ४.२४ (क) मा कुल जोखिम भारित सम्पत्ति गणनामा संचालन जोखिम समेत समावेश गरिएको। | |
| ३०. | निर्देशन नं. ४ को वित्तीय विवरणको ढाँचा अन्तरगत ढाँचा नं ४.२५ मा संशोधन | निर्देशन नं. ४ को वित्तीय विवरणको ढाँचा अन्तरगत note ४.२५ मा Debenture Redemption Reserve थप गरिएको। | |

**नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा**

| **क्र.सं.** | **निर्देशन नं.** | **एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था** | **एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था** |
|---|---|---|---|
| ३१. | निर्देशन नं. ५ बुँदा १ मा संशोधन | लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कारोबारसँग सम्बन्धित जोखिमलाई अनुगमन गर्ने प्रयोजनको लागि जोखिमलाई देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछ :-<br>(क) तरलता जोखिम<br>(ख) ब्याजदर सम्बन्धी जोखिम<br>(ग) कर्जा तथा लगानी सम्बन्धी जोखिम<br>(घ) सञ्चालन जोखिम | लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कारोबारसँग सम्बन्धित जोखिमलाई देहायबमोजिम वर्गीकरण गर्नु पर्नेछ।<br>**(क) कर्जा जोखिम**<br>**(ख) सञ्चालन जोखिम**<br>**(ग) तरलता जोखिम**<br>**(घ) बजार जोखिम**<br>**(ङ) ब्याजदर जोखिम**<br>**(च) अन्य जोखिम** |
| ३२. | निर्देशन नं. ५ बुँदा २ थप गरी क्रमसंख्या मिलान गर्ने | थप गरिएको | **लघुवित्त वित्तीय संस्थाहरुले जोखिम व्यवस्थापनको लागि देहायबमोजिम गर्नुपर्नेछ :**<br>**(क) जोखिमको पहिचान, मापन, अनुगमन र नियन्त्रण गर्न सक्षम हुने गरी उपयुक्त नीति तथा कार्यविधि अवलम्बन गरेको हुनु पर्नेछ।**<br>**(ख) जोखिमलाई व्यवस्थापन गर्न प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तथा सूचना प्रणालीको विकास गर्नुपर्नेछ। आन्तरिक लेखापरीक्षकले प्रत्येक शाखा/विभाग/कार्यालयको लेखापरीक्षण प्रतिवेदनमा जोखिमलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न अवलम्बन भएका उपायहरुको पर्याप्तताको सम्बन्धमा समेत टिप्पणी/प्रतिकृया समावेश गर्नु पर्नेछ।**<br>**(ग) Disaster Recovery Plan र Business Continuity Plan तर्जुमा गरी प्रतिकुल परिस्थितिमा समेत व्यवसाय निरन्तरताको सुनिश्चितता गर्नुपर्नेछ। यस्ता योजनाहरु अभ्यास (Drill) गरी अद्यावधिक गर्नु पर्नेछ।** |
| ३३. | निर्देशन नं. ५ बुँदा ३ थप गरी क्रमसंख्या मिलान गर्ने | थप गरिएको | **बुँदा नं. १ मा उल्लेख भएका बाहेकका अन्य जोखिम जस्तै Reputation Risk, Strategic Risk, AML/CFT Risk, Legal Risk जस्ता जोखिमहरुको समेत पहिचान गर्नु पर्नेछ। संस्थाले यस्ता सवै किसिमका जोखिमहरुको व्यवस्थापन गर्न पर्याप्त नीति, कार्यविधि तर्जुमा गर्नु पर्नेछ।** |

**नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा**

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| ३४. | निर्देशन नं. ५ बुँदा २ र ३ लाई बुँदा नं. ४ गर्ने। | २. यस प्रयोजनको निमित्त संलग्न निर्देशन फा.नं.घ ५.१ बमोजिमको तरलता विवरण (Liquidity Profile) त्रैमासिक रुपमा तयार गरी त्रयमास (असोज, पुस, चैत र असार मसान्त) समाप्त भएको१५ दिन भित्र यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ।<br>३. संस्थाले ब्याजदर जोखिमलाई व्यवस्थित तथा न्युनीकरण गर्न संलग्न निर्देशन फा.नं.घ ५.२ बमोजिमको विवरण त्रैमासिक (असोज, पुस, चैत र असार मसान्त) रुपमा तयार गरी त्रयमास समाप्त भएको १५ दिन भित्र यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा पेश गर्नुपर्नेछ। | **४. विवरण पठाउने सम्बन्धमा**<br>क) संलग्न निर्देशन फा.नं.घ ५.१ बमोजिमको तरलता विवरण (Liquidity Profile) त्रैमासिक रुपमा तयार गरी त्रयमास (असोज, पुस, चैत र असार मसान्त) समाप्त भएको १५ दिन भित्र यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ।<br>ख) संलग्न निर्देशन फा.नं.घ ५.२ बमोजिमको विवरण त्रैमासिकरुपमा तयार गरी त्रयमास (असोज, पुस, चैत र असार मसान्त) समाप्त भएको १५ दिन भित्र यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ। |
| ३५. | फा.नं.घ ५.२ मा संशोधन | ब्याजदर **सम्बन्धी** जोखिम अनुगमन तालिका | ब्याजदर जोखिम अनुगमन तालिका |
| ३६. | निर्देशन नं. ५ बुँदा ५ मा संशोधन | इजाजतपत्रप्राप्त संस्थाले सञ्चालन जोखिम वापत कुल सम्पत्तिको २ प्रतिशतले हुने रकम थप गरी जोखिम भारित सम्पत्ति कायम गर्नु पर्नेछ। | इजाजतपत्रप्राप्त संस्थाले सञ्चालन जोखिम वापत कुल सम्पत्तिको २ प्रतिशतले हुने रकम थप गरी **कुल** जोखिम भारित सम्पत्ति कायम गर्नु पर्नेछ। |
| ३७. | निर्देशन नं. ६ बुँदा १ (१५) थप गर्ने | थप गरिएको | **(१५) साधारण सभामा भाग लिन र मतदान गर्न नपाउने अवस्था**<br>**(क) आफु र यस बैंकबाट इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाको बीचमा भएको वा हुने कुनै शर्त बन्देजको सम्बन्धमा हुने छलफलमा कुनै व्यक्तिले शेयरधनीको हैसियतबाट आफै वा आफ्नो प्रतिनिधिद्वारा साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैन।**<br>**(ख) आफूले गरेको वा गर्न छुटाएको वा गलत ढङ्गले गरेको कामको जवाफदेही वा आफ्नो स्वार्थ निहित रहेको कुनै पनि विषयका सम्बन्धमा साधारण सभामा हुने छलफलमा सञ्चालक वा निजको हिस्सेदार वा प्रतिनिधिले मतदान गर्न पाउनेछैन।**<br>**(ग) कुनै सेयरधनीले सम्बन्धित संस्थाको सञ्चालकलाई प्रतिनिधि नियुक्त गरेको अवस्थामा त्यस्तो सञ्चालकले आफ्नो निजी स्वार्थ वा सरोकार भएको विषयमा वा आफुलाई नियुक्त गर्ने** |

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | | विषयमा कसैको प्रतिनिधिको हैसियतले साधारण सभामा मतदान गर्न पाउने छैन ।<br>(घ) यस बैंकबाट इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाका शेयरधनीले आफुले धारण गरेको शेयर धितो वा बन्धक राखी अन्य इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण भुक्तान नगरेको कारणबाट निजउपर कानूनी कारबाही चलाई शेयर वापत मतदान गर्नबाट रोक लगाउन सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट लेखिई आएमा सम्बन्धित लघुवित्त वित्तीय संस्थाले त्यस्तो शेयरधनीलाई निजले लिएको शेयर बापतको ऋण चुक्ता नभएको अवधिभर साधारण सभामा मतदान गर्नबाट रोक लगाउनु पर्नेछ ।<br>(ङ) नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०० को उपदफा २ को खण्ड (ख), (ग), (घ) तथा (ङ) बमोजिमको कारबाहीमा परेका सञ्चालक/शेयरधनी वा निजको प्रतिनिधिले कारबाही भएको मितिले एक वर्ष साधारण सभामा मतदान गर्न पाउनेछैन । |
| ३८. | निर्देशन नं. ६ बुँदा २ (ठ) मा संशोधन | **प्रचलित कानुनले तोकेको अवस्थामा बाहेक इजाजतपत्रप्राप्त संस्थाको सञ्चालकले प्रमुख कार्यकारी अधिकृतको अनुपस्थितिमा प्रमुख कार्यकारी अधिकृतको हैसियतले दैनिक कार्य सञ्चालन गर्न पाइने छैन । साथै, संस्थाका अध्यक्ष तथा सञ्चालकले संस्थाको लेटरप्याड तथा छाप प्रयोग गरी कुनै पनि पत्राचार गर्न पाइने छैन । तर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २३ को उपदफा(४) बमोजिम दैनिक कार्य सञ्चालनसँग सम्बन्धित बाहेकका विषयमा अध्यक्षले संस्थाको लेटरप्याड तथा छाप प्रयोग गरी पत्राचार गर्न सक्नेछ ।**<br>प्रचलित कानुनले तोकेको अवस्थामा बाहेक लघुवित्त वित्तीय संस्थाका गैर-कार्यकारी सञ्चालक तथा अन्य सञ्चालकहरुले प्रमुख कार्यकारी अधिकृतको अनुपस्थितिमा प्रमुख कार्यकारी अधिकृतको हैसियतले दैनिक कार्यसञ्चालन गर्न पाइने छैन । साथै, अध्यक्ष तथा सञ्चालकहरुले आफ्नोसंस्थाको लेटरप्याड तथा छाप प्रयोग गरी कुनै पनि पत्राचार गर्न पाइने छैन । तर, अध्यक्षलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, | प्रचलित कानूनले तोकेको अवस्थामा बाहेक लघुवित्त वित्तीय संस्थाका गैर कार्यकारी सञ्चालक तथा अन्य सञ्चालकहरुले प्रमुख कार्यकारी अधिकृतको अनुपस्थितिमा प्रमुख कार्यकारी अधिकृतको हैसियतले दैनिक कार्य सञ्चालन गर्न पाइने छैन । साथै, अध्यक्ष तथा सञ्चालकहरुले आफ्नो संस्थाको लेटरप्याड तथा छाप प्रयोग गरी कुनै पनि पत्राचार गर्न पाइने छैन । तर, अध्यक्षलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २३ को उपदफा (४) बमोजिम सञ्चालकले लघुवित्त वित्तीय संस्थाको व्यवस्थापनको दैनिक काम कारवाहीमा हस्तक्षेप गर्नु हुँदैन भन्ने व्यवस्थाको अधीनमा रही दैनिक कार्य सञ्चालनसँग सम्बन्धित बाहेकका विषयमा लेटरप्याड तथा छाप प्रयोग गरी पत्राचार गर्न भने यस व्यवस्थाले बाधा पर्नेछैन । |

**नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा**

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | २०७३ को दफा २३ को उपदफा (४) बमोजिम सञ्चालकले लघुवित्त वित्तीय संस्थाको व्यवस्थापनको दैनिक काम कारबाहीमा हस्तक्षेप गर्नु हुँदैन भन्ने व्यवस्थाको अधीनमा रही दैनिक कार्य सञ्चालनसंग सम्बन्धित वाहेकका विषयमा लेटरप्याड तथा छाप प्रयोग गरी पत्राचार गर्न भने यस व्यवस्थाले बाधा पर्ने छैन । | |
| ३९. | निर्देशन नं. ६ बुँदा नं. ६ को उपबुँदा १(क) मा संशोधन | ६. आन्तरिक समिति/उपसमिति सम्बन्धी व्यवस्था<br>(१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २२, २६, २७, ६० र ६१ मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीमा देहाय बमोजिम हुने गरी समिति/उप-समिति गठन गरी काम, कर्तव्य र अधिकार समेत तोक्नु पर्नेछ :<br>(क) संस्थाले आफ्नो काम कारबाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सञ्चालकको संयोजकत्वमा देहायका समिति वा उप-समिति मात्र गठन **गर्न सक्नेछ ।** | **६. आन्तरिक समिति/उपसमिति सम्बन्धी व्यवस्था**<br>(१) बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा २२, २६, २७, ६० र ६१ मा भएको व्यवस्थाअनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीमा देहाय बमोजिम हुने गरी समिति/उप-समिति गठन गरी काम, कर्तव्य र अधिकार समेत तोक्नु पर्नेछ :<br>(क) संस्थाले आफ्नो काम कारबाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सञ्चालकको संयोजकत्वमा देहायका समिति वा उप-समिति मात्र गठन **गर्नु पर्नेछ ।** |
| ४०. | निर्देशन नं. ६ बुँदा ६ (३) मा संशोधन | कर्मचारी सेवा सुविधा समिति सम्बन्धी व्यवस्था<br>सञ्चालक समितिले एकजना गैर-कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा "कर्मचारी सेवा सुविधा समिति" गठन गर्न सक्नेछ । ... | कर्मचारी सेवा सुविधा समिति सम्बन्धी व्यवस्था<br>सञ्चालक समितिले एकजना गैर-कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा "कर्मचारी सेवा सुविधा समिति" गठन **गर्नु पर्नेछ** । ... |
| ४१. | निर्देशन नं. ६ बुँदा ६ (४) मा संशोधन | **जोखिम व्यवस्थापन समिति सम्बन्धी व्यवस्था**<br>सञ्चालक समितिले एक जना गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा जोखिम व्यवस्थापन समिति गठन **गर्न सक्नेछ** । .... | **जोखिम व्यवस्थापन समिति सम्बन्धी व्यवस्था**<br>सञ्चालक समितिले एक जना गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा जोखिम व्यवस्थापन समिति **गठन गर्नु पर्नेछ** । ... |
| ४२. | निर्देशन नं. ६ बुँदा ६ (५) मा संशोधन | सम्पत्ति शुद्धीकरण अनुगमन समिति सम्बन्धी व्यवस्था<br>सञ्चालक समितिले एक जना गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा सम्पत्ति शुद्धीकरण समिति गठन गर्न **सक्नेछ** ।... | सम्पत्ति शुद्धीकरण अनुगमन समिति सम्बन्धी व्यवस्था<br>सञ्चालक समितिले एक जना गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा सम्पत्ति शुद्धीकरण समिति **गठन गर्नु पर्नेछ** ।... |
| ४३. | निर्देशन नं. ६ बुँदा नं. ७ मा संशोधन | आफ्नो सञ्चालक, शेयरधनी, कर्मचारी एवम् निजसँग सम्बन्धित फर्मलाई कर्जा प्रदान गर्न बन्देजसम्बन्धी व्यवस्था<br>(क) **देहायका अवस्थामा संस्थाका सञ्चालकलाई** कर्जा सापटी/**गैर-कोषमा आधारित सुविधा** प्रदान गर्न बन्देज गरिएको छ :-<br>(१) सञ्चालक र निजको एकाघर परिवारका सदस्यलाई, | **कर्जा/सापटी प्रदान गर्न बन्देज सम्बन्धी व्यवस्था**<br>**(क) सञ्चालक तथा सञ्चालकसँग सम्बन्धित देहाय बमोजिमका व्यक्ति तथा संस्थालाई कर्जा/सापटी प्रदान गर्न बन्देज गरिएको छ :-**<br>(१) सञ्चालक र निजको एकाघर परिवारका सदस्यलाई,<br>(२) सञ्चालक वा निजको एकाघर परिवारका सदस्य व्यवस्थापक, साझेदार, एजेन्ट वा जमानतकर्ता भएको वा निजको प्रत्यक्ष वित्तीय स्वार्थ भएको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई, |

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | (२) सञ्चालक वा निजको एकाघर परिवारका सदस्य व्यवस्थापक, साझेदार, एजेन्ट वा जमानतकर्ता भएको वा निजको प्रत्यक्ष वित्तीय स्वार्थ भएको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई,<br>(३) सञ्चालक वा निजका एकाघर परिवारका सदस्यले १० प्रतिशतभन्दा बढी शेयर लिएको फर्म, कम्पनीलाई र संस्थालाई,<br>(४) सञ्चालक वा निजका एकाघर परिवारका सदस्य जमानत बसेको व्यक्ति, फर्म कम्पनीलाई वा संस्थालाई ।<br>(ख) **देहायका अवस्थामा** संस्थाका संस्थापक, शेयरधनी तथा कर्मचारीलाई कर्जा **तथा गैर-कोषमा आधारित सुविधा** प्रदान गर्न बन्देज गरिएको छ :-<br>(१) संस्थापक वा संस्थापक समूहका शेयरधनी वा बिक्री भएको कुल शेयरको १ प्रतिशतभन्दा बढी शेयर लिएका शेयरधनी तथा निजका परिवारका सदस्य र कर्मचारीलाई,<br>स्पष्टीकरण:<br>(अ) संस्थापक, १ प्रतिशत वा सोभन्दा बढी शेयर लिएका व्यक्ति/फर्म/कम्पनी/संस्था, कार्यकारी प्रमुख, बहालवाला लेखापरीक्षक तथा **अधिकृतस्तरका** कर्मचारी वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा सञ्चालक मनोनित वा नियुक्ति गर्ने अधिकार पाएका फर्म, कम्पनी वा संस्थालाई कर्जा वा सुविधा प्रदान गर्न पाइने छैन ।<br>(आ) विगतमा कुल जारी पुंजीको १ प्रतिशत भन्दा कम शेयर धारण गरेका लघुवित्त वित्तीय संस्थाका संस्थापक वा संस्थापक समूहका शेयरधनीलाई प्रदान भएको कर्जा तथा गैर- कोषमा आधारित सुविधाको विस्तृत विवरण वार्षिक वित्तीय विवरणमा खुलाउनु पर्नेछ ।<br>(२) बिक्री भएको शेयरको १ प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनी रसंस्थाका कर्मचारी साझेदार भएको वा जमानत | (३) सञ्चालक वा निजका एकाघर परिवारका सदस्यले १० प्रतिशतभन्दा बढी शेयर लिएको फर्म, कम्पनीलाई र संस्थालाई,<br>(४) सञ्चालक वा निजका एकाघर परिवारका सदस्य जमानत बसेको व्यक्ति, फर्म कम्पनीलाई वा संस्थालाई ।<br>**(ख) शेयरधनी, कार्यकारी प्रमुख, लेखापरीक्षक, कर्मचारी र निजहरुसँग सम्बन्धितलाई कर्जा/सापटी प्रदान गर्न बन्देज गरिएको सम्बन्धमा :-**<br>**(१) संस्थापक शेयरधनी, १ प्रतिशत वा सोभन्दा बढी शेयर लिएका व्यक्ति/फर्म/कम्पनी/संस्था, कार्यकारी प्रमुख, बहालवाला लेखापरीक्षक तथा कर्मचारी वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा सञ्चालक मनोनित वा नियुक्ति गर्ने अधिकार पाएका फर्म, कम्पनी वा संस्थालाई कर्जा/सापटी प्रदान गर्न पाइने छैन । तर विगतमा कुल जारी पुंजीको १ प्रतिशतभन्दा कम शेयर धारण गरेका लघुवित्त वित्तीय संस्थाका संस्थापक वा संस्थापक समूहका शेयरधनीलाई प्रदान भएको कर्जा सापटीको विस्तृत विवरण वार्षिक वित्तीय विवरणमा खुलाउनु पर्नेछ ।**<br>**(२)** बिक्री भएको शेयरको १ प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनी र संस्थाका कर्मचारी साझेदार भएको वा जमानत बसेको वा अन्य किसिमको वित्तीय स्वार्थ भएको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई **कर्जा/सापटी प्रदान गर्न पाइने छैन ।**<br>**(३)** यस बैंकले निर्देशन दिएकोमा बाहेक संस्थाका शेयरधनी र कर्मचारीले १० प्रतिशतभन्दा बढी शेयर लिई मताधिकार लिएको फर्म, कम्पनी वा संस्थालाई **कर्जा/सापटी प्रदान गर्न पाइने छैन ।** |

**नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा**

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | बसेको वा अन्य किसिमको वित्तीय स्वार्थ भएको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई,<br>(३) यस बैंकले निर्देशन दिएकोमा बाहेक संस्थाका शेयरधनी र कर्मचारीले १० प्रतिशतभन्दा बढी शेयर लिई मताधिकार लिएको फर्म, कम्पनी वा संस्थालाई,<br>(ग) उपबुँदा नं. (क) तथा (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी प्रमुखको हकमा सम्झौतापत्रमा उल्लेख भए बमोजिम र संस्थाका कर्मचारीहरुलाई संस्थाको कर्मचारी सेवा विनियमावली अनुसार सुविधायुक्त सापटी प्रदान गर्न यो निर्देशनले बाधा पुर्‍याएको मानिने छैन । उपर्युक्त व्यवस्थाका अतिरिक्त सरकारको घोषित उद्देश्य पुरा गर्न स्थापना भएका विकासमूलक संस्था वा कम्पनीलाई कर्जा प्रदान गर्न यस बैंकले छुट दिन सक्नेछ ।<br>(घ) यस बैंकबाट थोक कर्जा मात्र कारोबार गर्ने इजाजतपत्र पाएका संस्थाको संस्थागत संस्थापक शेयरधनीहरुलाई सोही संस्थाबाट थोक कर्जा प्रवाह गर्न छुट प्रदान गरिएको छ । यस्तो ऋणी संस्थाबाट थोक कर्जा कारोबार गर्ने संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व भएको अवस्थामा समेत थोक कर्जा प्रवाह गर्न वाधा पर्ने छैन । | (ग) उपबुँदा नं. (क) तथा (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी प्रमुखको हकमा सम्झौतापत्रमा उल्लेख भए बमोजिम र संस्थाका कर्मचारीहरुलाई संस्थाको कर्मचारी सेवा विनियमावलीअनुसार सुविधायुक्त सापटी प्रदान गर्न यस निर्देशनले बाधा पुर्‍याएको मानिने छैन । उपर्युक्त व्यवस्थाका अतिरिक्त सरकारको घोषित उद्देश्य पुरा गर्न स्थापना भएका विकासमूलक संस्था वा कम्पनीलाई कर्जा प्रदान गर्न यस बैंकले छुट दिन सक्नेछ ।<br>(घ) यस बैंकबाट थोक कर्जा मात्र कारोबार गर्ने इजाजतपत्र पाएका संस्थाको संस्थागत संस्थापक शेयरधनीहरुलाई सोही संस्थाबाट थोक कर्जा प्रवाह गर्न छुट प्रदान गरिएको छ । यस्तो ऋणी संस्थाबाट थोक कर्जा कारोबार गर्ने संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व भएको अवस्थामा समेत थोक कर्जा प्रवाह गर्न वाधा पर्ने छैन । |
| ४४. | निर्देशन नं. ६ बुँदा ११ मा संशोधन | संस्थाको सञ्चालक र/वा प्रबन्ध सञ्चालकले वित्तीय कारोबार गर्ने इजाजतपत्रप्राप्त नगरेसम्म कुनै पारिश्रमिक, भत्ता तथा अन्य आर्थिक सुविधा लिन पाइने छैन । संस्थामा कार्यरत कर्मचारीहरुलाई सञ्चालक समितिले निर्णय गरे बमोजिमको पारिश्रमिक उपलब्ध गराउन भने बाधा पर्ने छैन । .... | **संस्थाले वित्तीय कारोबार गर्ने इजाजतपत्रप्राप्त नगरेसम्म** संस्थाको सञ्चालक र/वा प्रबन्ध सञ्चालकले कुनै पारिश्रमिक, भत्ता तथा अन्य आर्थिक सुविधा लिन पाइने छैन । संस्थामा कार्यरत कर्मचारीहरुलाई सञ्चालक समितिले निर्णय गरे बमोजिमको पारिश्रमिक उपलब्ध गराउन भने **यस व्यवस्थाले** बाधा पर्ने छैन । .... |
| ४५. | निर्देशन नं. ६ बुँदा १४ मा संशोधन | संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन वार्षिक देहायबमोजिमको रकम छुट्ट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नु पर्नेछ । सो कोषमा जम्मा भएको रकम निम्नानुसार हुने गरी अर्को आर्थिक वर्षमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।<br>(क) **खुद मुनाफाको कम्तीमा १ प्रतिशत** | संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन वार्षिक **खुद मुनाफाको कम्तीमा १ प्रतिशत** रकम छुट्ट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नु पर्नेछ। सो कोषमा जम्मा भएको रकम निम्नानुसार हुने गरी अर्को आर्थिक वर्षमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ। |

## नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | | |
| ४६. | निर्देशन नं. ६ बुँदा १४(ख) हटाइएको | लघुवित्त वित्तीय संस्थाको २०७७ असार मसान्तमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा बाँकी रहेको सम्पूर्ण रकम २०७७ साउन मसान्तभित्र नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्नु पर्नेछ। | हटाइएको |
| ४७. | निर्देशन नं. ६ बुँदा नं. १७(३) मा संशोधन | **यस बैंकवाट इजाजतपत्रप्राप्त** संस्थामा कार्यरत प्रमुख कार्यकारी अधिकृत प्रचलित व्यवस्थाको अधीनमा रही पुनर्नियुक्ति पाएको अवस्थामा वाहेक जुनसुकै कारणले आफ्नो सेवाबाट निवृत्त भएपछि कम्तीमा ६ महिनाको अवधि व्यतित नभई कुनैपनि इजाजतपत्रप्राप्त संस्थामा प्रमुख कार्यकारी अधिकृत **हुन** पाउने छैन । साथै, प्रमुख कार्यकारी अधिकृत जुनसुकै कारणवाट हटेमा त्यस्तो व्यक्ति पुनः सोही कार्यकाल वा ६ महिनामध्ये जुन बढी हुन्छ सो अवधि व्यतित नभई सोही संस्थामा संचालक लगायत अन्य कुनै पनि हैसियतमा कार्य गर्न पाउने छैन । | **लघुवित्त वित्तीय** संस्थामा कार्यरत प्रमुख कार्यकारी अधिकृत प्रचलित व्यवस्थाको अधीनमा रही पुनर्नियुक्ति पाएको अवस्थामा वाहेक जुनसुकै कारणले आफ्नो सेवाबाट निवृत्त भएपछि कम्तीमा ६ महिनाको अवधि व्यतीत नभई कुनै पनि इजाजतपत्रप्राप्त संस्थामा प्रमुख कार्यकारी अधिकृत**लगायत कुनै पनि हैसियतमा काम गर्न** पाउने छैन। साथै, प्रमुख कार्यकारी अधिकृत जुनसुकै कारणवाट हटेमा त्यस्तो व्यक्ति पुनः सोही कार्यकाल वा ६ महिनामध्ये जुन बढी हुन्छ सो अवधि व्यतीत नभई सोही संस्थामा संचालक लगायत अन्य कुनै पनि हैसियतमा कार्य गर्न पाउने छैन। |
| ४८. | निर्देशन नं. ८ बुँदा नं २ मा संशोधन | **घ वर्गका संस्थाहरुले घ वर्गकै अन्य संस्थाहरुद्वारा जारी भएका शेयर सुरक्षणपत्र वा अन्य कुनै पुँजी उपकरणहरुमा लगानी गर्न पाइने छैन।** | **संस्थाले संगठित संस्थाको शेयर, डिबेञ्चर तथा सामूहिक लगानी कोषमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लगानी गर्न पाइने छैन। हाल कायम रहेका यस्ता लगानीहरु २०७९ साल असार मसान्तभित्रमा विनिवेष गरिसक्नु पर्नेछ।** |
| ४९. | निर्देशन नं. ८ बुँदा नं ३ मा संशोधन | निर्देशन नं. ८ बुँदा नं ३ लाई बुँदा नं ६ मा राख्ने र क्रमसंख्या मिलान गरिएको । | |
| ५०. | निर्देशन नं. ८ बुँदा नं ४ हटाई क्रमसंख्या मिलाउने | संस्थाले शेयर तथा डिबेञ्चरमा लगानी गरेको भएमा २ वर्ष भित्रमा विनिवेष गरिसक्नु पर्नेछ। | हटाइएको |

## नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| ५१. | निर्देशन नं. ८ बुँदा नं ५ मा संशोधन | संस्थाले धितोपत्र विनिमय बजारमा सूचीकृत भइनसकेको कुनै संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी गरेको भएमा लगानी गरेको मितिले २ वर्षभित्र उक्त शेयर तथा डिबेञ्चर सूचीकृत नभएको खण्डमा लगानी भए बराबरकोरकम लगानी समायोजन कोषमा जम्मा गर्नु पर्नेछ । त्यस्तो कोषमा रहेको रकम उक्त शेयर तथा डिबेञ्चर सूचीकृत नभएसम्म अन्य उपयोग गर्न पाइने छैन । | **इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले यसपुर्व धितोपत्र विनिमय बजारमा सूचीकृत भइनसकेको कुनै संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी गरेको भएमा उक्त शेयर तथा डिबेञ्चरमा लगानी भए बराबरको रकम लगानी समायोजन कोषमा जम्मा गर्नु पर्नेछ । त्यस्तो कोषमा रहेको रकम उक्त शेयर तथा डिबेञ्चर सूचीकृत वा विनिवेष नभएसम्म अन्य प्रयोजनमा उपयोग गर्न पाइने छैन ।** |
| ५२. | निर्देशन नं. ८ बुँदा नं ७ मा संशोधन | इजाजतपत्रप्राप्त संस्थाले सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्र **र संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा गरेको लगानी सम्बन्धी विवरण संलग्न निर्देशन फा.नं. घ ८.१, घ ८.२ र घ ८.३** बमोजिम तयार गर्नु पर्नेछ । ... | **इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय** संस्थाले सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्रमा **गरेको लगानी सम्बन्धी विवरण संलग्न निर्देशन फा.नं. घ ८.१ बमोजिम र संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा गरेको लगानी विनिबेष नभएसम्म सो सम्बन्धी विवरण क्रमशः** घ ८.२ र घ ८.३ बमोजिम तयार गर्नु पर्नेछ । ... |
| ५३. | निर्देशन नं. १० बुँदा नं. २(ख) मा संशोधन | **२. संस्थापक तथा संस्थापक समूहको शेयर नामसारी वा बिक्री वा धितोबन्धक सम्बन्धमा**<br>प्रचलित कानुनको अधीनमा रही संस्थापक तथा संस्थापक समूहको शेयर लिने व्यक्ति वा संस्थाले आफ्नो स्वामित्वमा रहेको शेयर देहाय बमोजिम रित पुऱ्याई नामसारी वा बिक्री गर्न सक्नेछन्:-<br>(ख) खण्ड (क) मा जुनसुकै व्यवस्था भएतापनि संस्थापक संस्थापक बीचमा शेयर खरिद/बिक्री भएमा प्रचलित कानुनको रित पुऱ्याई खरिद/बिक्री गरी सो को जानकारी १५ दिनभित्र यस बैंकलाई दिनु पर्नेछ । तर, **यस बैंकबाट Fit & Proper Test मापन नभएको संस्थापकले** चुक्तापुँजीको दुई (२) प्रतिशतभन्दा बढी हुनेगरी संस्थापक शेयर खरिद गर्न चाहेमा संस्थापक संस्थापक बीचमा शेयर खरिद/बिक्री हुने भएतापनि यस बैंकको स्वीकृति लिनुपर्ने छ । | **२. संस्थापक तथा संस्थापक समूहको शेयर नामसारी वा बिक्री वा धितोबन्धक सम्बन्धमा**<br>प्रचलित कानुनको अधीनमा रही संस्थापक तथा संस्थापक समूहको शेयर लिने व्यक्ति वा संस्थाले आफ्नो स्वामित्वमा रहेको शेयर देहाय बमोजिम रित पुऱ्याई नामसारी वा बिक्री गर्न सक्नेछन्:-<br>(ख) खण्ड (क) मा जुनसुकै व्यवस्था भएतापनि संस्थापक संस्थापक बीचमा शेयर खरिद/बिक्री भएमा प्रचलित कानुनको रित पुऱ्याई खरिद/बिक्री गरी सो को जानकारी १५ दिनभित्र यस बैंकलाई दिनु पर्नेछ । तर, चुक्तापुँजीको दुई (२) प्रतिशतभन्दा बढी हुनेगरी संस्थापक शेयर खरिद गर्न चाहेमा संस्थापक संस्थापक बीचमा शेयर खरिद/बिक्री **गर्न वा हकप्रद शेयरको हक हस्तान्तरण गर्न** यस बैंकको स्वीकृति लिनुपर्ने छ । |
| ५४. | निर्देशन नं. १० बुँदा नं २ (ङ) १४ मा संशोधन गरी बुँदा १५ थप | ङ) देहायको अवस्था भएको कुनै पनि व्यक्ति वा संस्थालाई संस्थापकले आफ्नो स्वामित्वको शेयर नामसारी वा बिक्री गर्न पाउने छैनन्:-<br>(१४) यस बैंकले तोकेको ढाँचा सहितको निवेदन पेश नगरेकार प्रचलित कानुनले अयोग्य ठहर गरेको । | ङ) देहायको अवस्था भएको कुनै पनि व्यक्ति वा संस्थालाई संस्थापकले आफ्नो स्वामित्वको शेयर नामसारी वा बिक्री गर्न पाउने छैनन्:-<br>**(१४) यस बैंकले तोकेको ढाँचा सहितको निवेदन पेश नगरेको ।**<br>**(१५) प्रचलित कानुनले अयोग्य ठहर गरेको ।** |

## नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| ५५. | निर्देशन नं. १० बुँदा नं. २(६) मा संशोधन | संस्थाका संस्थापक/संस्थापक समूहको शेयर खरिद गर्दा संस्थापक **शेयरधनीहरूले** तोकिएको ढाँचामा ( बैंक/वित्तीय संस्था संस्थापना एवम् वित्तीय कारोबार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवम् प्रक्रियागत व्यवस्था: २०६३ को संशोधित अनुसूची ३ को बुँदा नं. १६ को विवरण) लगानी हुने रकमको आयस्रोत **सम्बन्धी** विवरण अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । सो को अभिलेख सम्बन्धित लघुवित्त वित्तीय संस्थाले अद्यावधिक गरी राख्नु पर्ने तथा सो सम्बन्धी सम्पूर्ण अभिलेखको प्रतिलिपि यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा समेत पेश गर्नु पर्नेछ । | संस्थाका संस्थापक/संस्थापक समूहको शेयर खरिद गर्दा **खरिदकर्ता**ले तोकिएको ढाँचामा (बैंक/वित्तीय संस्था संस्थापना एवम् वित्तीय कारोबार गर्ने इजाजतपत्रसम्बन्धी नीतिगत एवम् प्रक्रियागत व्यवस्था: २०६३ को संशोधित अनुसूची ३ को बुँदा नं. १६ को विवरण) लगानी हुने रकमको आयस्रोत **र सोको उपलब्धता सम्बन्धी अद्यावधिक** विवरण अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । सोको अभिलेख सम्बन्धित लघुवित्त वित्तीय संस्थाले अद्यावधिक गरी राख्नु पर्ने तथा सोसम्बन्धी सम्पूर्ण अभिलेखको प्रतिलिपि यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा समेत पेश गर्नु पर्नेछ । |
| ५६. | निर्देशन नं. १० बुँदा नं २ (ज) थप गरी क्रमसंख्या मिलाउने । | थप गरिएको | **इजाजतपत्रप्राप्तसंस्थाको चुक्ता पुँजीको दुई प्रतिशत भन्दा बढी शेयर लिएका संस्थापक शेयरधनीहरुको नाममा रहेको संस्थापक शेयर विद्यमान संस्थापक शेयरधनी बाहेकको अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्ने क्रममा खरिद गर्न चाहने व्यक्ति वा संस्थाले चुक्ता पुँजीको दुई प्रतिशत वा सोभन्दा कम संस्थापक सेयर धारण गर्ने अवस्था भएमा खरिद गर्न चाहने व्यक्ति वा संस्थाको Fit & Proper Test बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवं प्रकृयागत व्यवस्था, २०६३ तथा यसै निर्देशनको बुँदा नं २(ङ) बमोजिम इजाजतपत्रप्राप्त संस्था स्वयंले गरी मापनका आधारहरु पूरा गरेको व्यहोराको सिफारिस सहित यस बैंक समक्ष स्वीकृति माग गर्नुपर्नेछ ।** |
| ५७. | निर्देशन नं. १० बुँदा नं ६ मा संशोधन | ... तर, नेपाल सरकारको ५० प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएको र वित्तीय क्षेत्रसँग सम्बन्धित संस्थाहरु: कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानको हकमा यस बैंकको स्वीकृति लिई एक भन्दा बढी संस्थाको शेयरमा बढीमा २५ प्रतिशतसम्म लगानी गर्न बाधा पुगेको मानिने छैन । यसरी तोकिएको सीमाभित्र कायम नरहेको संस्थापक शेयरधनीलाई शेयर स्वामित्व उक्त सीमाभित्र नआएसम्म लघुवित्त वित्तीय संस्थाबाट वितरण हुने नगद लाभांस, बोनस शेयर र हकप्रद शेयरमा सहभागी हुन बन्देज लगाइएको छ ।<br>वितीय मध्यस्थता कारोबार गर्ने गैर सरकारी संस्था (Financial Intermediary Non-Governmental Organizations, FINGO) बाट | ... तर, नेपाल सरकारको ५० प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएको र वित्तीय क्षेत्रसँग सम्बन्धित संस्थाहरु: कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानको हकमा यस बैंकको स्वीकृति लिई एक भन्दा बढी संस्थाको शेयरमा बढीमा २५ प्रतिशतसम्म लगानी गर्न **यस व्यवस्थाले** बाधा पुगेको मानिने छैन । यसरी तोकिएको सीमाभित्र कायम नरहेको संस्थापक शेयरधनीलाई शेयर स्वामित्व उक्त सीमाभित्र नआएसम्म लघुवित्त वित्तीय संस्थाबाट वितरण हुने नगद लाभांस, बोनस शेयर र हकप्रद शेयरमा सहभागी हुन बन्देज लगाइएको छ ।<br>**उपर्युक्त व्यवस्था** वित्तीय मध्यस्थता कारोबार गर्ने गैर सरकारी संस्था ( Financial Intermediary Non-Governmental Organizations, |

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | रुपान्तरण भएका संस्थाको हकमा **उपरोक्त व्यवस्था** संस्थाले वित्तीय कारोबार सुरु गरेको मितिले ५ वर्षसम्म लागू हुने छैन । | FINGO) बाट रुपान्तरण भएका संस्थाको हकमा संस्थाले वित्तीय कारोबार सुरु गरेको मितिले ५ वर्षसम्म लागू हुने छैन । |
| ५८. | निर्देशन नं. १० बुँदा नं. १२(ख) मा संशोधन | मृत्यु भई वा प्रचलित कानुन बमोजिम पारिवारिक अंशबन्डा हक हस्तान्तरण भएको अवस्थामा बाहेक संस्थापक शेयरधनीले आफ्नो संस्थापक शेयर हस्तान्तरण गर्दा विद्यमान संस्थापक शेयरधनीलाई नै प्राथमिकता दिनु पर्नेछ । विद्यमान संस्थापक शेयरधनीहरुले उक्त शेयर खरिद गर्न नचाहेमा सोको लिखित जानकारी लिई अन्य समूह वा वाह्य व्यक्ति/संस्थालाई बेचबिखन गर्न सकिने छ । सम्पूर्ण संस्थापकहरुको लिखित सहमति लिन सम्भव नभएमा सम्बन्धित सस्था मार्फत राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा ३५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउने र सो अवधिभित्र कसैले खरिद गर्न चाहेको लिखित जानकारी पेश हुन नआएमा मात्र प्रचलित कानुनको अधीनमा रही अन्य व्यक्ति/संस्थालाई बिक्री गर्न सकिने छ । | मृत्यु भई वा प्रचलित कानुनबमोजिम पारिवारिक अंशबन्डा हक हस्तान्तरण भएको अवस्थामा बाहेक संस्थापक शेयरधनीले आफ्नो संस्थापक शेयर हस्तान्तरण गर्दा विद्यमान संस्थापक शेयरधनीलाई नै प्राथमिकता दिनु पर्नेछ । विद्यमान संस्थापक शेयरधनीहरुले उक्त शेयर खरिद गर्न नचाहेमा सोको लिखित जानकारी लिई अन्य समूह वा वाह्य व्यक्ति/संस्थालाई बेचबिखन गर्न सकिने छ । सम्पूर्ण संस्थापकहरुको लिखित सहमति लिन सम्भव नभएमा सम्बन्धित सस्था मार्फत राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा ३५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउने र सो अवधिभित्र **विद्यमान संस्थापक सेयरधनीले** खरिद गर्न चाहेको लिखित जानकारी पेश हुन नआएमा मात्र प्रचलित कानुनको अधीनमा रही **पुनः सार्वजनिक सूचना प्रकाशन गरी** अन्य व्यक्ति/संस्थालाई बिक्री गर्न सकिने छ । |
| ५९. | निर्देशन नं. १० बुँदा नं. १२(ञ) दोस्रो खण्ड मा संशोधन | प्रचलित कानुन तथा विद्यमान निर्देशनमा भएको व्यवस्था बमोजिम यसरी संस्थापक शेयर खरिद गर्ने खरिदकर्ता संस्थापक समूहमा नै पर्ने व्यहोरा समेत जानकारी गराउने । संस्थापक शेयर खरिदकर्ता पहिचान भइसकेपछि चुक्ता पुँजीको २ प्रतिशतभन्दा कम संस्थापक शेयर धारण गर्ने संस्थापक शेयरधनीको संस्थापक शेयरको हकमा माथि उल्लिखित प्रक्रिया अपनाई शेयर बिक्री वा नामसारी गर्नु पर्ने । तर, चुक्ता पुँजीको २ प्रतिशतभन्दा बढी शेयर स्वामित्व धारण गरेको अवस्थामा यस बैंकबाट स्वीकृति प्राप्त भएपछि मात्र शेयर बिक्री/हस्तान्तरण वा नामसारी सम्बन्धी प्रक्रिया अघि बढाउने । | प्रचलित कानून तथा विद्यमान निर्देशनमा भएको व्यवस्थाबमोजिम यसरी संस्थापक शेयर खरिद गर्ने खरिदकर्ता संस्थापक समूहमा नै पर्ने व्यहोरासमेत जानकारी गराउने । संस्थापक शेयर खरिदकर्ता पहिचान भइसकेपछि चुक्ता पुँजीको २ प्रतिशतभन्दा कम संस्थापक शेयर धारण गर्ने संस्थापक शेयरधनीको संस्थापक शेयरको हकमा माथि उल्लिखित प्रक्रिया अपनाई शेयर बिक्री वा नामसारी गर्नु पर्ने । तर, **खरिदकर्ता वा बिक्रीकर्ताले** चुक्ता पुँजीको २ प्रतिशत **वा सोभन्दा** बढी शेयर स्वामित्व धारण गरेको **वा हुने** अवस्थामा शेयर बिक्री/हस्तान्तरण वा नामसारी **गर्नुपूर्व यस बैंकबाट स्वीकृति लिनु पर्ने ।** |
| ६०. | निर्देशन नं. १० बुँदा नं १३ (च) मा संशोधन | यस व्यवस्था अनुरुप संस्थापक समुहको स्वामित्वमा रहेको सेयर सर्वसाधारण सेयरमा परिणत गर्ने कार्य पुँजीबजार, बैंकिङ लगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभाव समेतलाई विचार गरी एकपटकमा बढीमा १० प्रतिशत बिन्दुसम्म गर्न सकिनेछ । **साथै, यसरी परिणत गर्ने कार्य कम्तिमा २ पटकसम्म गर्नु पर्नेछ ।** | यस व्यवस्था अनुरुप संस्थापक समुहको स्वामित्वमा रहेको सेयर सर्वसाधारण सेयरमा परिणत गर्ने कार्य पुँजीबजार, बैंकिङ लगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभाव समेतलाई विचार गरी एकपटकमा बढीमा १० प्रतिशत बिन्दुसम्म गर्न सकिनेछ । |

**नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा**

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| ६१. | निर्देशन नं. १३ बुँदा नं. १ (ग) को (अ) मा संशोधन | देहायको अवस्था पुरा गरेका लघुवित्त वित्तीय संस्थाले आफ्नो कार्यक्षेत्र भित्र नयाँ शाखा कार्यालय खोल्न सक्नेछन्:<br>(अ) प्रस्तावित स्थान व्यवसायिक रुपले सम्भाव्य रहेको **विवरण तयार गर्नु पर्ने ।** | देहायको अवस्था पुरा गरेका लघुवित्त वित्तीय संस्थाले आफ्नो कार्यक्षेत्र भित्र नयाँ शाखा कार्यालय खोल्न सक्नेछन्:<br>(अ) प्रस्तावित स्थान व्यावसायिक रुपले सम्भाव्य रहेको **अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने ।** |
| ६२. | निर्देशन नं. १३ बुँदा नं. २ थप गरी क्रमसंख्या मिलान गर्ने | थप गरिएको | **प्रादेशिक कार्यालय सम्बन्धी व्यवस्था:**<br>**(क) राष्ट्रिय स्तरका लघुवित्त वित्तीय संस्थाले आवश्यकता अनुसार प्रादेशिक कार्यालयहरु स्थापना गर्न सक्नेछन् ।**<br>**(ख) प्रादेशिक कार्यालय स्थापना गर्दा निम्नानुसारको व्यवस्था/प्रक्रिया पालना गर्नु पर्नेछ :**<br>**(१) एकै प्रदेशभित्रका शाखा कार्यालयहरुलाई एउटै प्रादेशिक कार्यालयको मातहतमा राख्नु पर्नेछ ।**<br>**(२) प्रादेशिक कार्यालयले आफू मातहतका शाखा कार्यालयहरुको कामकारबाहीको अनुगमन, निरीक्षण तथा लेखापरीक्षणका अतिरिक्त केन्द्रीय कार्यालयले तोकिदिएका अन्य कार्यहरु जस्तै केन्द्रीय कार्यालयबाट प्राप्त मसलन्दको व्यवस्थापन गर्ने, मातहतका शाखा कार्यालयहरुमा वितरण गर्ने, नयाँ शाखा कार्यालयको लागि सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने, सम्बन्धित प्रदेश अन्तर्गतका शाखाहरुसंगको समन्वय, निगरानी, संस्थागत सुशासन, जोखिम व्यवस्थापन एवम् गुनासो सुनवाई जस्ता कार्यहरु लगायतका अन्य प्रशासनिक कार्यहरु समेत गर्न सक्नेछ ।**<br>**(३) प्रादेशिक कार्यालय खोल्नु पूर्व सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले सो कार्यालय खोल्ने सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।**<br>**(४) प्रादेशिक कार्यालय सञ्चालनमा आएको १५ दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा लघुवित्त संस्था सुपरिवेक्षण विभागलाई जानकारी गराउनु पर्नेछ ।**<br>**(५) उक्त प्रदेशमा संस्थाको लघुवित्त सेवा प्रवाह तथा पहुँच सम्बन्धी तथ्याङ्क र विवरण अद्यावधिक गर्नुपर्नेछ ।** |

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | | **(ग) प्रादेशिक कार्यालय काठमाडौ उपत्यकामा खोल्न पाइने छैन ।** |
| ६३. | निर्देशन नं. १४ २ को ख मा संशोधन | निक्षेप संकलन गर्ने तथा थोक कर्जा कारोवार गर्ने संस्थाहरुले अनुसूची-१५.१ बमोजिम २०७७ कात्तिक देखि आधार दर तयार गरी यस बैंकमा पेश गर्नुपर्ने छ । | **लघुवित्त वित्तीय संस्थाहरुले अनुसूची-१५.१ बमोजिम २०७८ पुष मसान्तदेखि मासिक रुपमा आधार दर तयार गरी यस बैंकमा पेश गर्नुपर्ने छ ।** |
| ६४. | निर्देशन नं. १५ बुँदा नं. २ (१) मा संशोधन | निक्षेप संकलन तथा भुक्तानी सम्बन्धी नियम तथा प्रक्रिया बनाई लागू गर्नु पर्ने<br>(१) संस्थाले स्वीकार गर्ने निक्षेपको अवधि, प्रकार आदि सम्पूर्ण नियम तथा कार्यविधिका बारेमा लघुवित्त वित्तीय संस्था आफैले नियम बनाई लागू गर्नु पर्नेछ ।<br>(क) पेन्सन बचत लगायतका आवधिक निक्षेप तथा ऋणीलाई प्रवाह गर्ने ऋणबाट कट्टा गरी लिने जस्ता अनिवार्य बचत संकलन गर्न पाइने छैन । साथै, सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्थाले आफ्नो सदस्यबाट एक भन्दा बढी शीर्षकमा अनिवार्य बचत संकलन गर्न पाइने छैन । **तर, हाल कायम रहेका यस्ता आवधिक बचत निक्षेपलाई भुक्तानी अवधिभर निरन्तरता दिन यसव्यवस्थाले बाधा पुगेको मानिने छैन ।**<br>(ख) यसपूर्व विभिन्न शीर्षकमा अनिवार्य वचत संकलन गरेको भएमा मिति २०७७ पुस मसान्त सम्ममा एकै शीर्षकमा समायोजन गरि**सक्नु** पर्नेछ ।<br>**(ग)** थप गरिएको | **बचत र/वा** निक्षेप संकलन तथा भुक्तानी सम्बन्धी नियम तथा प्रक्रिया बनाई लागू गर्नु पर्ने<br>(१) संस्थाले स्वीकार गर्ने **बचत र/वा** निक्षेपको अवधि, प्रकार, **ब्याजदर, ब्याज प्रदान गर्ने तरिका, खाता सञ्चालन गर्ने तरिका, रकम भुक्तानी गर्ने तरिका लगायत आवश्यक सम्पूर्ण विषय समावेश भएको बचत र/वा निक्षेप सम्बन्धी** नियम **तथा कार्यविधि** तयार गरी लागू गर्नु पर्नेछ ।<br>(क) पेन्सन बचत लगायतका आवधिक निक्षेप तथा ऋणीलाई प्रवाह गर्ने ऋणबाट कट्टा गरी लिने जस्ता अनिवार्य बचत संकलन गर्न पाइने छैन । साथै, सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्थाले आफ्नो सदस्यबाट एक भन्दा बढी शीर्षकमा अनिवार्य बचत संकलन गर्न पाइने छैन । **तर, २०७७ असोज मसान्तसम्ममा** कायम रहेका यस्ता आवधिक बचत निक्षेपलाई भुक्तानी अवधिभर निरन्तरता दिन यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।<br>(ख) यसपूर्व विभिन्न शीर्षकमा अनिवार्य वचत संकलन गरेको भएमा मिति २०७७ पुस मसान्त सम्ममा एकै शीर्षकमा समायोजन गरि**सकेको हुनु** पर्नेछ ।<br>**(ग) संस्थाले पेन्सन, आवधिक निक्षेप तथा अनिवार्य बचत बाहेक अन्य बचत खातामा रहेको रकम सदस्यको इच्छा अनुसार झिक्न पाउनु पर्ने व्यवस्था गर्नु पर्नेछ ।** |

## नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| ६५. | निर्देशन नं. १५ बुँदा नं. ५ मा संशोधन | **खुद्रा कर्जाको कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरूले सर्वसाधारणबाट निक्षेप परिचालन गर्न नपाउने सम्बन्धमा**<br>(१) **खुद्रा कर्जाको कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरूले सर्वसाधारणबाट निक्षेप परिचालन गर्न सक्ने छैनन् ।**<br>(२) **यसपूर्व यस बैंकबाट स्वीकृति लिई सर्वसाधारणबाट निक्षेप परिचालन गरिरहेका लघुवित्त** संस्थाहरुले यस्तो निक्षेप परिचालन गर्ने सीमा तथा अन्य व्यवस्था देहाय बमोजिमको हुनेछ :- ... | **लघुवित्त वित्तीय संस्थाहरूले सर्वसाधारणबाट निक्षेप परिचालन गर्न पाउने छैनन् ।**<br>**तर, यसपूर्व यस बैंकबाट स्वीकृति लिई सर्वसाधारणबाट निक्षेप परिचालन गरिरहेका लघुवित्त वित्तीय** संस्थाहरुले यस्तो निक्षेप परिचालन गर्ने सीमा तथा अन्य व्यवस्था देहाय बमोजिम हुनेछ :- ... |
| ६६. | निर्देशन नं. १५ बुँदा नं. ६ स्थानान्तरण | **सेवा शुल्क सम्बन्धमा**<br>**(क) संस्थाले बचत/निक्षेप खाता सञ्चालन गरे वापत ग्राहकबाट कुनै पनि किसिमको सेवा शुल्क लिन पाइने छैन ।**<br>**(ख) कर्जा प्रवाह गर्दा संस्थाले स्वीकृत कर्जामा १.५० प्रतिशत सम्म सेवा शुल्क लिन सक्नेछन् । एक वर्षभन्दा कम अवधिको लागि कर्जा प्रवाह गरेको अवस्थामा यस्तो कर्जाको लागि वार्षिक १.५० प्रतिशतमा नबढ्ने गरी कर्जा अवधिको आधारमा सो दरको दामासाही हिसाबले मात्र सेवा शुल्क लिन सक्नेछन् ।**<br>**तर, थोक कर्जा प्रवाह गर्ने संस्थाले लघुवित्त वित्तीय संस्थाहरुलाई प्रवाह गर्ने कर्जामा ०.५० प्रतिशत भन्दा बढी सेवा शुल्क लिन पाइने छैन ।**<br>**(ग) कर्जाको सीमा बृद्धि/थप गर्दा थप भएको रकममा मात्र उपबुँदा (ख) मा उल्लिखित दरको २० प्रतिशतसम्म सेवा शुल्क लिन सकिनेछ ।** | **निर्देशन नं. १९ बुँदा नं. २ मा सारिएको ।** |
| ६७. | निर्देशन नं. १५ बुँदा नं. ६ थप गरिएको | **थप गरिएको** | **थोक कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाले सहायक आवधिक ऋणपत्र (Subordinated Term Debt) जारी गर्न सक्ने सम्बन्धमा :**<br>**(क) सञ्चित नोक्सानी बाँकी नरहेका थोक कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाले यससम्बन्धी अन्य व्यवस्थाका अतिरिक्त निम्न शर्तहरुको अधीनमा रही आफ्नो चुक्ता पुँजीको बढीमा २५ प्रतिशत ले हुने रकमसम्म सहायक आवधिक ऋणपत्र (Subordinated Term Debt) जारी गर्न स्वीकृतिका लागि यस बैंकमा निवेदन पेश गर्न सक्नेछन् ।**<br>**(१) ऋणपत्र कुनै पनि सुरक्षण नराखी निष्काशन गर्नुपर्ने,** |

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | | (२) ऋणपत्रको अवधि तोकेको हुनुपर्ने,<br>(३) ऋणपत्रमा प्रदान गरिने वार्षिक ब्याजदर र ब्याज भुक्तानी गर्ने अवधि तोकिएको हुनुपर्ने,<br>(४) ऋणपत्रको ब्याजदर परिवर्तन गर्न नपाइने र आर्जित ब्याज रकममा आयकर ऐन, २०५८ बमोजिम आयकर लाग्ने व्यवस्था गर्नुपर्ने,<br>(५) इजाजतपत्रप्राप्त संस्था विघटन भएको अवस्थामा ऋणपत्रको भुक्तानी निक्षेपकर्ता र अन्य ऋण भन्दा पछि मात्र हुने,<br>(६) ऋणपत्र जारी भएको मितिले ६ महिनाभित्रमा नेपाल धितोपत्र विनिमय बजारमा सूचीकृत गर्नुपर्ने,<br>(७) ऋणपत्र निष्काशन गर्नु अघि तयार गरिने विवरणपत्र यस बैंकको सहमति लिएर मात्र प्रकाशित गर्नुपर्ने,<br>(८) ऋणपत्रको रकम भुक्तानी गर्न सिर्जना गरिने पुँजी फिर्ता जगेडा कोष (Capital Redemption Reserve) मा भुक्तानी अवधिभर प्रत्येक वर्ष वार्षिक मुनाफाबाट समानुपातिक (Proportionate) आधारमा रकम छुट्याउनु पर्ने । तर, ऋणपत्र निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष त्यस्तो भुक्तानी कोष (Redemption Reserve) मा कुनै रकम विनियोजन नगर्न यस व्यवस्थाले बाधा पर्ने छैन ।<br>(९) Private placement को आधारमा बिक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ/संस्थासँग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रतिलिपि पेश गर्नुपर्ने,<br>(१०) यदि कुनै पक्षले सो पक्षलाई छुट्याइएको ऋणपत्र खरिद नगरेमा सो अर्को पक्षलाई बिक्री गर्ने व्यवस्था गर्नुपर्ने,<br>(११) ऋणपत्रमा आर्जित ब्याज लगानीकर्ताहरुलाई भुक्तानी गर्ने विषयमा विवरणपत्रको "ब्याज भुक्तानी गर्ने समय (Interest Payment Timing)" शीर्षक अन्तर्गत स्पष्ट उल्लेख गर्नुपर्ने, |

**नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा**

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | | **(१२) ऋणपत्र परिपक्व भई भुक्तानी गरेपछि यस बुँदाको उपबुँदा नं ८ बमोजिम कायम गरेको भुक्तानी समायोजन कोष (Capital Redemption Reserve) मा बाँकी रहेको रकमलाई पुँजीकोष समायोजन कोषमा रकमान्तर गर्नुपर्ने । पुँजी समायोजन कोषमा जम्मा भएको रकमबाट शेयरधनीलाई बोनस सेयर मात्र जारी गर्न सकिने ।**<br>**(ख) त्यस्तो निवेदन उपर आवश्यक अध्ययन पश्चात् उपयुक्त ठानेमा यस बैंकले ऋणपत्र जारी गर्ने स्वीकृति दिन सक्नेछ ।** |
| ६८. | निर्देशन नं. १६ बुँदा नं. १(ग) मा संशोधन | **सम्पूर्ण सापटी रकम प्रवाह गर्नुपर्ने व्यवस्था**<br>(ग) संस्थाले लिएको सापटी रकम र प्रवाह गरेको कर्जा लगानीको त्रैमासिक विवरण यसै साथ संलग्न बमोजिमको निर्देशन **फा.नं. १७.१** बमोजिम हरेक त्रयमास समाप्त भएको १५ दिन भित्र यस बैंकमा पठाउनु पर्नेछ । | **सम्पूर्ण सापटी रकम कर्जा प्रवाहमा उपयोग गर्नु पर्ने सम्बन्धी व्यवस्था**<br>(ग) संस्थाले लिएको सापटी रकम र प्रवाह गरेको कर्जा लगानीको त्रैमासिक विवरण यसै साथ संलग्न बमोजिमको निर्देशन **फा.नं. घ १६.१** बमोजिम हरेक त्रयमास समाप्त भएको १५ दिनभित्र यस बैंकमा पठाउनु पर्नेछ । |
| ६९. | निर्देशन नं. १६ बुँदा नं. ३(ख) मा संशोधन | **तोकिएको क्षेत्रमा कर्जा सम्बन्धी व्यवस्था**<br>(ख) कृषि क्षेत्रमा तोकिए बमोजिम कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा नपुग रकममा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८१ बमोजिम कर्जाको अधिकतम ब्याजदरले हुने रकम हर्जाना लगाइने छ । .... | **तोकिएको क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जा सीमा सम्बन्धी व्यवस्था ।**<br>(ख) कृषि क्षेत्रमा तोकिएबमोजिम कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा नपुग रकममा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८१ बमोजिम **लघुवित्त वित्तीय संस्थाको** कर्जाको अधिकतम ब्याजदरले हुने रकम हर्जाना लगाइने छ । .... |
| ७०. | निर्देशन नं. १६ बुँदा नं. ३(घ) मा संशोधन | कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको मासिक विवरण महिना समाप्त भएको १५ दिनभित्र संलग्न निर्देशन **फा.नं. घ १७.२** र त्रैमासिक विवरण त्रैमासिक अवधि समाप्त भएको एक महिनाभित्र संलग्न निर्देशन **फा.नं.घ १७.३** अनुरुपको ढाँचामा यस बैंकमा पेश गर्नु पर्नेछ । | कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको मासिक विवरण महिना समाप्त भएको १५ दिनभित्र संलग्न निर्देशन **फा.नं. घ १६.२** र त्रैमासिक विवरण त्रैमासिक अवधि समाप्त भएको एक महिनाभित्र संलग्न निर्देशन **फा.नं.घ १६.३** अनुरुपको ढाँचामा यस बैंकमा पेश गर्नु पर्नेछ । |
| ७१. | निर्देशन नं. १७ बुँदा नं. १ (६) मा संशोधन | निष्क्रिय कर्जा (NPA) पाँच प्रतिशत ननाघेको । | निष्क्रिय कर्जा पाँच प्रतिशत ननाघेको । |
| ७२. | निर्देशन नं. १७ को बुँदा न ४(ङ) (३) थप गर्ने | तर, लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने /गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई एकीकृत कारोबार सञ्चालनको क्रममा वा एकीकृत कारोबार सुरु भएको तीन महिना भित्र पदमुक्त भएका वा | लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने /गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई एकीकृत कारोबार सञ्चालनको क्रममा वा एकीकृत कारोबार सुरु भएको तीन महिना भित्र पदमुक्त भएका वा |

## नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | सेवामा निरन्तरता नपाएका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा नायव प्रमुख कार्यकारी अर्को संस्थामा नियुक्त हुन उपर्युक्त व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन । | सेवामा निरन्तरता नपाएका सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत अर्को संस्थामा नियुक्त हुन **निर्देशन नं ६ को बुँदा नं १७ को** व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन । |
| ७३. | निर्देशन नं. १७ को बुँदा न ४ (ङ) (६) थप गर्ने | थप गरिएको | **एक पटकका लागि काठमाडौं उपत्यका बाहेकको पायक पर्ने स्थानमा केन्द्रीय कार्यालय खोल्न/स्थानान्तरण गर्न स्वीकृति प्रदान गर्न सकिनेछ ।** |
| ७४. | निर्देशन नं. १७ को बुँदा न ४ को च थप गर्ने | (च) थप गरिएको | **लघुवित्त वित्तीय संस्थाहरु एकआपसमा गाभिई वा प्राप्ति भएको कारणले उक्त संस्थालाई थोक कर्जा प्रवाह गर्ने लघुवित्त वित्तीय संस्थाको एकल ग्राहक सीमा नाघ्न गएमा गाभिई वा प्राप्ति पछि बनेको लघुवित्त वित्तीय संस्थाले एकीकृत कारोवार गरेको मितिले ३ वर्षभित्र त्यस्तो कर्जा तोकिएको सीमाभित्र ल्याई सक्नु पर्नेछ ।** |
| ७५. | निर्देशन नं. १८ बुँदा नं. ४ थप गरी क्रमसंख्या मिलान गर्ने | थप गरिएको | **४. उच्च पदस्थ व्यक्तिको पहिचान गर्नु पर्ने**<br>**(१) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७ (ख) बमोजिम संस्थाले ग्राहक/सदस्यसँग व्यावसायिक सम्बन्ध स्थापित गर्दा वा कारोवार गर्दा उच्च पदस्थ व्यक्तिको पहिचान गर्ने संन्यत्र/प्रणालीको विकास गर्नु पर्नेछ । यस क्रममा उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्तिको समेत पहिचान गर्नु पर्नेछ ।**<br>**(२) उच्च पदस्थ व्यक्तिको पहिचान गर्ने प्रक्रियाअन्तर्गत सम्बन्धित व्यक्तिबाट सूचना लिने वा स्वःघोषणा गर्न लगाउने, सार्वजनिक रुपमा उपलब्ध सूचना एवम् व्यावसायिक रुपमा उपलब्ध हुने तथ्याङ्क लाई लिन सकिने छ ।**<br>**(३) उच्च पदस्थ व्यक्तिसँग व्यावसायिक सम्बन्ध स्थापना गर्नु पूर्व संस्थाको माथिल्लो व्यवस्थापकीय तहको स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।** |
| ७६. | निर्देशन नं. १८ मा संशोधन | निर्देशन नं. १८ बुँदा नं. २(६) र ११(१) मा अनुसुची १९.१ लाई १८.१ बनाइ साथै सम्बन्धित अनसूचीमा पनि संशोधन गरिएको । | |
| ७७. | निर्देशन नं. १९ बुँदा नं. २ थप गरी क्रमसंख्या मिलान गर्ने | निर्देशन नं. १५ बुँदा नं.६ बाट सारिएको | **सेवा शुल्क सम्बन्धमा**<br>**(क) संस्थाले बचत/निक्षेप खाता सञ्चालन गरे वापत ग्राहकबाट कुनै पनि किसिमको सेवा शुल्क लिन पाइने छैन ।**<br>**(ख) कर्जा प्रवाह गर्दा संस्थाले स्वीकृत कर्जामा १.५० प्रतिशत सम्म सेवा शुल्क लिन सक्नेछन् । एक वर्षभन्दा कम अवधिको लागि कर्जा** |

| क्र.सं. | निर्देशन नं. | एकीकृत निर्देशन २०७७ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७७ मा गर्ने संशोधन/परिमार्जन/थप व्यवस्था |
|---|---|---|---|
| | | | प्रवाह गरेको अवस्थामा यस्तो कर्जाको लागि वार्षिक १.५० प्रतिशतमा नबढ्ने गरी कर्जा अवधिको आधारमा सो दरको दामासाही हिसाबले मात्र सेवा शुल्क लिन सक्नेछन् ।<br>तर, थोक कर्जा प्रवाह गर्ने संस्थाले लघुवित्त वित्तीय संस्थाहरुलाई प्रवाह गर्ने कर्जामा ०.५० प्रतिशत भन्दा बढी सेवा शुल्क लिन पाइने छैन ।<br>(ग) कर्जाको सीमा बृद्धि/थप गर्दा थप भएको रकममा मात्र उपबुँदा (ख) मा उल्लिखित दरको २० प्रतिशतसम्म सेवा शुल्क लिन सकिनेछ । |
| ७८. | निर्देशन नं. १९ बुँदा नं. ३ थप गरी क्रमसंख्या मिलान गर्ने | थप गरिएको | **समूह एवम् केन्द्र संचालन सम्बन्धी सम्पूर्ण खर्च संस्था स्वयंले व्यहोर्नु पर्नेछ । यस प्रयोजनको लागि ग्राहकसँग कुनै पनि प्रकारले शुल्क लिन पाइने छैन ।** |
| ७९. | निर्देशन नं. २० बुँदा नं. १४ हटाइ क्रमसंख्या मिलान गर्ने | कोभिड-१९ संक्रमण न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञा अवधिको लागि विशेष व्यवस्था<br>(क) निषेधाज्ञा अवधिभर र सो अवधि समाप्त भएको एक महिनासम्म संस्थाले कुनै पनि प्रकारको असुलीसम्बन्धी सूचना वा लिलामी सम्बन्धी सूचना जारी गर्न पाइने छैन ।<br>(ख) संस्थाले निषेधाज्ञाको अवधिमा कर्जाको किस्ता वा व्याज भुक्तानी गरी विश्वसनीयता कायम गर्नसक्ने ग्राहकलाई प्रोत्साहन स्वरुप ब्याजदर वा ब्याज रकममा छुट प्रदान गर्न सक्नेछन् । सञ्चालक समितिले यस्तो छुटसम्बन्धी व्यवस्थाको निर्णय गरी वेबसाइटमा सार्वजनिक गरी पारदर्शी ढंगले लागू गर्नुपर्नेछ । | **हटाइएको ।** |

# नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा

<u>वर्तमान व्यवस्था</u>

*निर्देशन फा.नं. घ १.२*

**जोखिम भारित सम्पत्ति विवरण तालिका**

(रू.हजारमा)

| (क) **वासलात भित्रका सम्पत्तिहरु (On-Balance-Sheet Assets)** | भार | चालु अवधि | | गत अवधि | |
|---|---|---|---|---|---|
| | | रकम | जोखिम भारित सम्पत्ति | रकम | जोखिम भारित सम्पत्ति |
| नगद मौज्दात | ० | | | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ० | | | | |
| नेपाल सरकारको सुरक्षणपत्रमा गरिएको लगानी | ० | | | | |
| नेपाल राष्ट्र बैंकको ऋणपत्रमा गरेको लगानी | ० | | | | |
| आफ्नै मुद्दती रसिदको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको मुद्दती रसिद धितो कर्जा | ० | | | | |
| सरकारी सुरक्षणपत्रको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको कर्जा | ० | | | | |
| सरकारी सुरक्षणपत्रको पाउनु पर्ने ब्याज रकम (Accrued Interest) | ० | | | | |
| बैंक/वित्तीय संस्थाहरुमा रहेको मौज्दात/मुद्दती रसिदको दावी (Claims)* | २० | | | | |
| मागेको बखत प्राप्त हुने रकम (Money at Call) | २० | | | | |
| अन्तर बैंक/संस्था सापटी | २० | | | | |
| शेयर, डिवेञ्चर एवम् बन्डमा भएको लगानी | १०० | | | | |
| अन्य लगानीहरु | १०० | | | | |
| कर्जा, सापट (कुल रकम)** | १०० | | | | |
| स्थिर सम्पत्तिहरु | १०० | | | | |
| पाउनु पर्ने अन्य खुद ब्याज रकम -कुल पाउनु पर्ने ब्याज - सरकारी ऋणपत्र तथा वचत पत्रको ब्याज- ब्याज मुल्तवी) | १०० | | | | |
| गैर-बैकिङ्ग सम्पत्ति | १०० | | | | |
| अन्य सबै सम्पत्तिहरु (खुद अग्रिम कर दाखिला वाहेक) | १०० | | | | |
| **(क) जम्मा** | | | | | |
| **(ख) वासलात बाहिरका कारोबारहरु (Off-balance sheet Items)** | | | | | |
| जमानत | १०० | | | | |
| अपरिवर्त्य कर्जा प्रतिबद्धता (Irrevocable Loan Commitment) | १०० | | | | |
| आयकर वापत सम्भावित दायित्व | १०० | | | | |
| Acceptance सहित अन्य सवै प्रकारका सम्भावित दायित्वहरु | १०० | | | | |
| चुक्ता वा भुक्तान हुन बाँकी शेयर लगानी | १०० | | | | |
| भुक्तानीको लागि दावी परेको जमानत | २०० | | | | |
| संस्थाउपर दावी परेको तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरु | २०० | | | | |
| **(ख) जम्मा** | | | | | |
| **कुल जोखिम भारित सम्पत्ति जम्मा (क)+ (ख)** | | | | | |

## नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा

## संशोधित व्यवस्था

*निर्देशन फा.नं. घ १.२*

**जोखिम भारित सम्पत्ति विवरण तालिका**

(रू.हजारमा)

| (क) वासलात भित्रका सम्पत्तिहरु (On-Balance-Sheet Assets) | भार | चालु अवधि | | गत अवधि | |
|---|---|---|---|---|---|
| | | रकम | जोखिम भारित सम्पत्ति | रकम | जोखिम भारित सम्पत्ति |
| नगद मौज्दात | ० | | | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ० | | | | |
| नेपाल सरकारको सुरक्षणपत्रमा गरिएको लगानी | ० | | | | |
| नेपाल राष्ट्र बैंकको ऋणपत्रमा गरेको लगानी | ० | | | | |
| आफ्नै मुद्दती रसिदको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको मुद्दती रसिद धितो कर्जा | ० | | | | |
| सरकारी सुरक्षणपत्रको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको कर्जा | ० | | | | |
| सरकारी सुरक्षणपत्रको पाउनु पर्ने ब्याज रकम (Accrued Interest) | ० | | | | |
| बैंक/वित्तीय संस्थाहरुमा रहेको मौज्दात/मुद्दती रसिदको दावी (Claims) | २० | | | | |
| मागेको बखत प्राप्त हुने रकम (Money at Call) | २० | | | | |
| अन्तर बैंक/संस्था सापटी | २० | | | | |
| शेयर, डिवेञ्चर एवम् बन्डमा भएको लगानी | १०० | | | | |
| अन्य लगानीहरु | १०० | | | | |
| कर्जा, सापट (कुल रकम) | १०० | | | | |
| स्थिर सम्पत्तिहरु | १०० | | | | |
| पाउनु पर्ने अन्य खुद ब्याज रकम -कुल पाउनु पर्ने ब्याज - सरकारी ऋणपत्र तथा वचत पत्रको ब्याज- ब्याज मुल्तवी) | १०० | | | | |
| गैर-बैकिङ्ग सम्पत्ति | १०० | | | | |
| अन्य सबै सम्पत्तिहरु (खुद अग्रिम कर दाखिला वाहेक) | १०० | | | | |
| **(क) जम्मा** | | | | | |
| **(ख) वासलात बाहिरका कारोबारहरु (Off-balance sheet Items)** | | | | | |
| जमानत | १०० | | | | |
| अपरिवर्त्य कर्जा प्रतिबद्धता (Irrevocable Loan Commitment) | १०० | | | | |
| आयकर वापत सम्भावित दायित्व | १०० | | | | |
| Acceptance सहित अन्य सबै प्रकारका सम्भावित दायित्वहरु | १०० | | | | |
| चुक्ता वा भुक्तान हुन बाँकी शेयर लगानी | १०० | | | | |
| भुक्तानीको लागि दावी परेको जमानत | २०० | | | | |
| संस्थाउपर दावी परेको तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरु | २०० | | | | |
| **(ख) जम्मा** | | | | | |
| **(ग) संचालन जोखिम वापतको रकम (कुल सम्पत्तीको २%)** | | | | | |
| **कुल जोखिम भारित सम्पत्ति जम्मा (क)+ (ख) + (ग)** | | | | | |

**वर्तमान व्यवस्था**

*अनुसूची घ ४.२४ (क)*

..........................लिमिटेड

जोखिम भारित सम्पत्ति विवरण तालिका

( ...................... असार मसान्त)

(रू.हजारमा)

| **(क) वासलात भित्रका सम्पत्तिहरु (On-Balance-Sheet Assets)** | भार | यस वर्ष | | गत वर्ष | |
|---|---|---|---|---|---|
| | | रकम | जोखिम भारित सम्पत्ति | रकम | जोखिम भारित सम्पत्ति |
| नगद मौज्दात | ० | | | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ० | | | | |
| नेपाल सरकारको सुरक्षणपत्रमा गरिएको लगानी | ० | | | | |
| नेपाल राष्ट्र बैंकको ऋणपत्रमा गरेको लगानी | ० | | | | |
| आफ्नै मुद्दती रसिदको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको मुद्दती रसिद धितो कर्जा | ० | | | | |
| सरकारी सुरक्षणपत्रको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको कर्जा | ० | | | | |
| सरकारी सुरक्षणपत्रको पाउनु पर्ने ब्याज रकम (Accrued Interest) | ० | | | | |
| बैंक/वित्तीय संस्थाहरुमा रहेको मौज्दात/मुद्दती रसिदको दावी (Claims) | २० | | | | |
| मागेको बखत प्राप्त हुने रकम (Money at Call) | २० | | | | |
| अन्तर बैंक/संस्था सापटी | २० | | | | |
| शेयर, डिवेञ्चर एवम् बन्डमा भएको लगानी | १०० | | | | |
| अन्य लगानीहरु | १०० | | | | |
| कर्जा, सापट (कुल रकम) | १०० | | | | |
| स्थिर सम्पत्तिहरु | १०० | | | | |
| पाउनु पर्ने अन्य खुद ब्याज रकम -कुल पाउनु पर्ने ब्याज - सरकारी ऋणपत्र तथा बचत पत्रको ब्याज- ब्याज मुल्तवी) | १०० | | | | |
| अन्य सबै सम्पत्तिहरु (खुद अग्रिम कर दाखिला वाहेक) | १०० | | | | |
| **(क) जम्मा** | १०० | | | | |
| **(ख) वासलात बाहिरका कारोबारहरु (Off-balance sheet Items)** | | | | | |
| जमानत | | | | | |
| अपरिवर्त्य कर्जा प्रतिबद्धता (Irrevocable Loan Commitment) | १०० | | | | |
| आयकर वापत सम्भावित दायित्व | १०० | | | | |
| Acceptance सहित अन्य सबै प्रकारका सम्भावित दायित्वहरु | १०० | | | | |
| चुक्ता वा भुक्तान हुन बाँकी शेयर लगानी | १०० | | | | |
| भुक्तानीको लागि दावी परेको जमानत | १०० | | | | |
| संस्थाउपर दावी परेको तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरु | २०० | | | | |
| **(ख) जम्मा** | २०० | | | | |
| **कुल जोखिम भारित सम्पत्ति जम्मा (क)+ (ख)** | | | | | |

## नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ मा संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धमा

## संशोधित व्यवस्था

*अनुसूची घ ४.२४ (क)*

..........................लिमिटेड

जोखिम भारित सम्पत्ति विवरण तालिका

( ..................... असार मसान्त)

(रू.हजारमा)

| (क) वासलात भित्रका सम्पत्तिहरु (On-Balance-sheet Assets) | भार | यस वर्ष | | गत वर्ष | |
|---|---|---|---|---|---|
| | | रकम | जोखिम भारित सम्पत्ति | रकम | जोखिम भारित सम्पत्ति |
| नगद मौज्दात | ० | | | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ० | | | | |
| नेपाल सरकारको सुरक्षणपत्रमा गरिएको लगानी | ० | | | | |
| नेपाल राष्ट्र बैंकको ऋणपत्रमा गरेको लगानी | ० | | | | |
| आफ्नै मुद्दती रसिदको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको मुद्दती रसिद धितो कर्जा | ० | | | | |
| सरकारी सुरक्षणपत्रको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको कर्जा | ० | | | | |
| सरकारी सुरक्षणपत्रको पाउनु पर्ने ब्याज रकम (Accrued Interest) | ० | | | | |
| बैंक/वित्तीय संस्थाहरुमा रहेको मौज्दात/मुद्दती रसिदको दावी (Claims) | २० | | | | |
| मागेको बखत प्राप्त हुने रकम (Money at Call) | २० | | | | |
| अन्तर बैंक/संस्था सापटी | २० | | | | |
| शेयर, डिवेञ्चर एवम्बन्डमा भएको लगानी | १०० | | | | |
| अन्य लगानीहरु | १०० | | | | |
| कर्जा, सापट (कुल रकम) | १०० | | | | |
| स्थिर सम्पत्तिहरु | १०० | | | | |
| पाउनु पर्ने अन्य खुद ब्याज रकम (कुल पाउनु पर्ने ब्याज - सरकारी ऋणपत्र तथा वचत पत्रको ब्याज- ब्याज मुल्तवी) | १०० | | | | |
| **गैर-बैकिङ्ग सम्पत्ति** | **१००** | | | | |
| अन्य सबै सम्पत्तिहरु (खुद अग्रिम कर दाखिला वाहेक) | १०० | | | | |
| **(क) जम्मा** | | | | | |
| **(ख) वासलात बाहिरका कारोबारहरु (Off-balance sheet Items)** | | | | | |
| जमानत | १०० | | | | |
| अपरिवर्त्य कर्जा प्रतिबद्धता (Irrevocable Loan Commitment) | १०० | | | | |
| आयकर वापत सम्भावित दायित्व | १०० | | | | |
| Acceptance सहित अन्य सबै प्रकारका सम्भावित दायित्वहरु | १०० | | | | |
| चुक्ता वा भुक्तान हुन बाँकी शेयर लगानी | १०० | | | | |
| भुक्तानीको लागि दावी परेको जमानत | २०० | | | | |
| संस्थाउपर दावी परेको तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरु | २०० | | | | |
| **(ख) जम्मा** | | | | | |
| **(ग) संचालन जोखिम वापतको रकम (कुल सम्पत्तीको २%)** | | | | | |
| **कुल जोखिम भारित सम्पत्ति जम्मा (क) + (ख) + (ग)** | | | | | |